# रोहिणी गाउँपालिकाको शैक्षिक योजना
# २०७९।८० देखि २०८३।८४

# रोहिणी गाउँपालिकाको संक्षिप्त परिचय

## पृष्ठभुमी

रोहिणी गाउँपालिका रुपन्देहीजिल्लाको पूर्वी दक्षिण भागमाअवस्थित छ । साबिकका ६ गाउँविकास समितिहरु (धकधई, बगाहा, बजरकट्टी, पोखरभिण्डी, छिपागढ र बोदबार) लाई मिलाएर बनाईएको यस गाउँपालिकापूर्पश्चिमहुलाकि सडक अन्तर्गत भैरहवाधकधई खण्डको उत्तरदक्षिण, ८३.४९७४२ पूर्वी देशान्तर र २७.५१२१३० उत्तर अक्षांशसम्मअवस्थित यो गाउँपालिका समून्द्र सतहदेखि करिब ९२.१ मिटरको उइमा छ । कुल क्षेत्रफल ६४.६२ वर्ग किलोमिटर रहेको यस गाउपालिकाको पूर्वमा नवलपरासी जिल्लाको सिमानापश्चिममा सिद्धार्थनगर नगरपालिका उत्तरमा ओमसतिया गाउँपालिका र दक्षिणमा छिमेकि राष्ट्र भारत अवस्थित छन् ।

उत्तरबाट बग्ने रोहिणी नदीसँगप्राकृतिक, भौगोलिक, सांस्कृतीक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ । ५६५४ घरपरिवार शबसोबास गर्ने यस गाउँपालिकाको कुल जनसंख्या ३७१७५ रहेको छ । यस गाउपालिकाअधिकांशमानिस पशु पालन र कृषि पेशामा संलग्न रहेको छन् ।

वडा संख्या : ७ वटा
गाउँपालिकाको कार्य शुभारम्भ : मिति २०७३/११/२७ देखि
भौगोलिकअवस्थितिःप्रदेश-लुम्बिनी, जिल्ला-रुपन्देही
निर्वाचन क्षेत्र नं. : ०१
सिमाना
पुर्व -परासीजिल्ला ।
पश्चिम -रोहिणी खोलाऔमसतियागा.पा. र सि.न.पा. ।
उत्तर-ओमसतियागा.पा. ।
दक्षिण भारत
क्षेत्रफल :६४.६२ वर्ग कि.मी.
भू-क्षेत्र : तराई
उचाई र देशान्तर :समुन्द्र सतहबाट ९२.१ मिटर र ८३.५४९ पूर्वी देशान्तर र २७.५१३ उत्तरी अक्षांस
हावापानीः उष्ण ।
प्रमुखनदी, खोला : रोहिणी, बघेला, महाउ ।
पर्यटकीय तथा ड्डार्मिक स्थलहरुः कोटहमाई, हनुमानगढी, शिववमन्दिर बिरनी, चैनपुरवा, भटपुवा, सेमरपानी र मस्जिदबगाहा, पजरकट्टी र पोखरभिन्डी धकधई

जनसंख्या: ३७१७७ (जनगणना २०७८ अनुसार)

महिला १८, ५२१ र पुरुष १८,६३५

जनघनत्व : ५६३.८१ जनाप्रतिवर्ग कि.मी. ।

मुख्यजातीय समुदाय : राष्ट्रिय जनगणना **२०७८** का अनुसार यस गाउँपालिकामा पहाडी मूलका ब्राह्मण, क्षेत्री, रैथाने थारु, यादव, लोध, कुर्मी, हरिजन, मुसलमानआ ।

धर्म : हिन्दु, क्रिस्चियन, मुस्लीमआदि ।

मुख्य चाड पर्व : दशैं, तिहार, रामनवमी, छठ, रक्षाबन्धन, शिववरात्री, माघे संक्रान्ती, इद, रमजानआदी ।

शैक्षिक संस्थाहरु: सरकारी तथा समुदायिक:मा.वि.-७धार्मिक:मदरसा (१ मा.वि. समेत) -१३ ववटा

स्वास्थ्य संस्थथाहरु: स्वास्थ्य संस्थाहरु ७, बर्थिकङ्ग सेन्टर २ ।

गा.पा. क्षेत्र भित्रकामुख्यबजारहरु:धकधई, सेमरहवा, बैकुण्डपुर आदि

फोहरमैलाव्यवस्थापन स्थितिः सामान्य रहेको ।

कृषि : मुख्यवालीहरु:धान, गहुं, मास, मसुरो, रहर, आलस, तोरी, बदाम, आलु आदि ।

फलफुल : आँप, अम्बा, मेवा, लिचीआदि ।

सामुदायिकवन संख्या : २

सामुदायिकबनको क्षेत्रफल: ८ विघा

प्रमुख रुख विरुवाहरु: सिसौ, सगुन, सिमल, कदम

प्रमुखबन्यजन्तु : प्रमुख घरपालुववाजनावरहरु:गाई, भैसी, बाखाआदि । घर पालुवा पन्छीहरु: कुखुरा, हास, परेवाआदि ।

## २. विद्यालयको अवस्था

यस गाउँपालिकामा रहेका सबै विद्यालयहरुमाबालविकास केन्द्र रहेका छन् ।तीविद्यालयहरुमध्ये कक्षा १ देखि ५ सम्मको विद्यालय ५,कक्षा ८ सम्मको विद्यालय ४, कक्षा १० सम्मको विद्यालय ३,र कक्षा १२ सम्मको विद्यालय ४ वटा रहेका छन् । साथै धार्मिक विद्यालयहरु १३ र संस्थागतविद्यालयहरु ११ रहेका छन् ।यहाँतीविद्यालयको वस्तुगत चित्रण गर्न प्रयास गरिएको छ ।

| क्रस | विद्यालय | सञ्चालितकक्षा |
|---|---|---|
| | बलविकास केन्द्र | ४४ |
| | कक्षा ० देखि कक्षा ५ सम्म सञ्चालितविद्यालय | ४ |
| | कक्षा ० देखि कक्षा ८ सम्म सञ्चालितविद्यालय | ३ |
| | कक्षा ० देखि कक्षा १० सम्म सञ्चालितविद्यालय | ३ |
| | कक्षा ० देखि कक्षा १२ सम्म सञ्चालितविद्यालय | ५ |
| | संस्थागतविद्यालय | ११ |
| | धार्मिक विद्यालयमदरसा | १६ |
| | जम्माविद्यालय संख्या | ४२ |

## २.१ विद्यार्थी विवरण

| **कक्षा** | **नर्सरी** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **१०** | **११** | **१२** | **कुलजम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **छात्रा** | ८७७ | ५८२ | ५९१ | ६०४ | ५५७ | ५३० | ३९९ | ४२१ | ४०२ | ३८८ | ३७५ | २१५ | २०४ | **५७४३** |
| **छात्र** | ९७० | ६२७ | ६५५ | ६५८ | ५४९ | ५२२ | ४६१ | ४१८ | ४५५ | ४४३ | ३६७ | २४६ | १९८ | **६५६९** |
| **जम्मा** | १८४७ | १२०९ | १२४६ | १२६२ | ११०६ | १०५२ | ८६० | ८३९ | ८५७ | ८३१ | ७४२ | ४६१ | ४०२ | **१२३१२** |
| **द.छात्रा** | १५१ | १४० | १२३ | १२३ | ११९ | १०८ | ८८ | ८५ | ८६ | ८० | ८३ | ४२ | ४५ | |
| **द.छात्र** | १७७ | १६८ | १६३ | १२७ | १२४ | ११० | १०९ | ९४ | ११२ | ११२ | ७४ | ७७ | ५२ | |
| **जम्मा** | ३२८ | ३०८ | २८६ | २५० | २४३ | २१८ | १९७ | १७९ | १९८ | १९२ | १५७ | ११९ | ९७ | |
| **ज.छात्रा** | १२० | ५६ | ८२ | ७७ | ७५ | ७१ | ७५ | ८५ | ८४ | ८४ | ६९ | ४३ | ३१ | |
| **ज.छात्र** | १२८ | ७० | ६८ | ८९ | ७३ | ७० | ७५ | ७२ | ७६ | ६२ | ५६ | ५१ | २३ | |
| **जम्मा** | २४८ | १२६ | १५० | १६६ | १४८ | १४१ | १५० | १५७ | १६० | १४६ | १२५ | ९४ | ५४ | |
| **अन्य छात्रा** | ५९३ | ३७८ | ३७५ | ३९२ | ३५५ | ३४५ | २३१ | २४३ | २२८ | २१५ | २१६ | १२५ | १२७ | |
| **अन्य छात्र** | ६४७ | ३८१ | ४११ | ४३६ | ३४३ | ३४१ | २६९ | २४३ | २५६ | २६४ | २३२ | ११४ | १२१ | |
| **जम्मा** | **१२४०** | **७५९** | **७८६** | **८२८** | **६९८** | **६८७** | **५००** | **४८६** | **४८४** | **४७९** | **४४८** | **२३९** | **२४८** | |

## २.२ शिक्षकविवरण

| प्रकार | स्थायी दरवन्दी | | | राहात दरवन्दी | | | गाउँपालिका अनुदान | | | बालविकास | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु | ज. | म. | पु | ज. | म. | पु | ज | म. | पु | ज | म. | पु | ज |
| प्रा.वि. | २८ | २९ | ५७ | १२ | १४ | २६ | ६ | ४ | १० | ४३ | १ | ४४ | ८९ | ४८ | १३७ |
| नि.मा.वि. | ३ | ७ | १० | ३ | १० | १३ | ६ | १२ | १८ | | | | १२ | २९ | ४१ |
| मा.वि.कक्षा ९।१० | ३ | ६ | ९ | १ | १० | ११ | २ | १ | ३ | | | | ६ | १७ | २३ |
| मा.वि.कक्षा ११।१२ | | | | १ | ३ | ४ | | | | | | | १ | ३ | ४ |
| जम्मा | ३४ | ४२ | ७६ | १७ | ३७ | ५४ | १४ | १७ | ३१ | ४३ | १ | ४४ | १०८ | ९७ | २०५ |

## २.३ कर्मचारी विवरण

| प्रकार | अस्थायी | | | निजि | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु | ज | म. | पु | ज | म. | पु | ज |
| विद्यालयकर्मचारी | | ७ | ७ | | | | | ७ | ७ |
| विद्यालय सहयोगी | ३ | १२ | १५ | ३ | ४ | ७ | ६ | १६ | २२ |

## २.४ भौतिकअवस्था

### २.४.१ विद्यालयभवन र कक्षाकोठा

कक्षाकोठा सङ्ख्या : ४३३
पक्की : ६०%
कच्ची : ४०%

### २.४.२फर्निचर

यहाँ रहेका वालविकास केन्द्रहरुमाबसाई ब्यवस्थापनको लागिकार्पेटिङको ब्यवस्था रहेको र अन्यकक्षाहरुमा डेक्स र वेन्चको ब्यवस्था रहेको छ।

### २.४.३शौचालय

भएको : २३
नभएको: ४ ( सामान्यव्यवस्था )

### २.४.४ खेलमैदान

५०प्रतिशतमाप्रयाप्त
३० प्रतिशतमाअप्रयाप्त
२०प्रतिशतमान्यून

### २.४.५. बालबगैंचा

करिव २५ प्रतिशतमाभएको

### २.४.६. पिउनेपानी

७०प्रतिशतमाप्रयाप्त
३०प्रतिशतमाअप्रयाप्त

### २.५. सूचनातथा सञ्चार प्रविधि

७वटा माध्यमिकविद्यालय र ४ वटा आधारभुतविद्यालय र १ वटा मदरसामाcomputer lab भएको
१२ वटाविद्यालयमाInternet connectionभएको
केहीविद्यालयमा सुचनाप्रविधिको प्रयोग गरी पठनपाठन गरीएको छ।
केहीप्रा.वि.हरुमा कम्प्युटर रहेको छ।
सवै माध्यमिकविद्यालय र आधारभुतविद्यालयमाविज्ञान प्रयोगशाला रहेको छ ।

### २.६. विद्युततथा सौर्यउर्जा

८२प्रतिशतमाविद्युत्
१८ प्रतिशतमाविद्युत्को साथै सौर्यउर्जानभएको

### २.७विद्यालयको नाममाजग्गाः

यस गाउँपालिकाभित्र रहेका करिव ६०प्रतिशतविद्यालयहरुको नाममाजग्गाधनीलालपुर्जा रहेको छ ।

**२.८ चमेना गृह**

३विद्यालयमाचमेना गृह रहेको छ ।

**२.९. सिकाई उपलब्धि :**

औषतसिकाइउपलब्धीतपशिलबमोजिम रहेको छ ।

**शैक्षिक उपलब्धि :**

| कक्षा | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|---|---|---|
| ३ | ४८.२० | ५०.१८ | ७०.०१ | ७२.०२ | ६४.०२ | ६६.०२ |
| ५ | ५४.१२ | ५५.८३ | ५७.९० | ६६.६७ | ५६.६७ | ५७.६७ |
| ८ | ५१.९० | ५३.२८ | ५४.२४ | ६४.४ | ५२.४ | ५२.४ |
| १० | २.६२ GPA | २.७१ GPA | २.८० GPA | २.९५ GPA | २.९८ | २.७८ |
| १२ | ४५ | C | C | 2.22 | २.२२ | २.२१ |

**२.१० विद्यालयकार्यसम्पादन परिक्षणको औषत नतिजा**

६१.६९ %

**२.११. पुस्तकालय**

५ वटा मावि र २ वटा नि.मा.विद्यालयमा पुस्तकालय रहेको र अन्यविद्यालयमा बुक कर्नरको व्यवस्थाभएको ।

**२.१२. विज्ञान प्रयोगशाला**

४माध्यमिक र आधारभुतविद्यालयमाल्याव रहेको छ भने अन्यविद्यालयहरुमान्युनमात्रामा विज्ञान सामाग्रीहरु रहेको र विज्ञान प्रयोगशालाको व्यवस्था नरहेको पाइएको छ।

### २.१३. घेरावार :

यस गाउँपालिकामा रहेका २७ वटा सरकारी विद्यालयहरु मध्ये १७ वटा विद्यालयहरुमा घेरावार रहेको र अन्यमा घेरावार नरहेको पाइएको छ ।

## ५. असलअभ्यासहरु :

- गाउँशिक्षा समिति र वडा शिक्षा समितिबाट विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागिगाउँशिक्षा योजना र वडा शिक्षा योजनाबनाई कार्यान्वयनगरिएको,
- शिक्षक, अभिभावक र विद्यार्थी बीचमासिकअर्न्तक्रिया साथै अभिभावक घरदैलो कार्यक्रम सञ्चालनगरिएको,
- शैक्षिक सामाग्री निमार्ण र कक्षाकोठा सजावट गरिएको,
- शिक्षकनिर्देशिका, पाठ्यक्रम र विद्यार्थी गृहकार्य डायरीको व्यवस्थागरिएको,
- वार्षिक कार्यतालिका, कार्ययोजनातथा शिक्षण सुधार योजनानिर्माण गरिएको,
- केहि विद्यालयहरुमाबिहानको प्रार्थनाको समयमाविद्यार्थीहरुद्वारा समाचार वाचन गर्ने व्यवस्था रहेको,
- केहि विद्यालयहरुमाविद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने गरिएको,
- जन सहभागिता जुटाइ बगैंचा निर्माण, मञ्चनिर्माण,करेसाबारी निर्माण, बृक्षारोपण , आर्थिक कोष संकलन जस्ता कार्यहरु गरीएको,
- शैक्षिकअवलोकन भ्रमणको माध्यमबाट शिक्षण सिकाइमा सहयोगभएको शैक्षिकक्यालेण्डर निर्माण गरी कार्यान्वयनगरिएको,
- मिनपचासको बिदामाअतिरिक्तकक्षा संचालनगरिएको,
- केहि विद्यालयहरुमाअक्षयकोषको स्थापना गरी सो मार्फत उत्कृष्ठ शिक्षकविद्यार्थी पुरस्कृतगर्ने गरिएको,
- सुझाब पेटिकाको ब्यबस्था गरी गुनासो ब्यबस्थापनगरिएको,
- केहि विद्यालयहरुमाकक्षाकोठा भित्र फिल्टरको ब्यबस्था गरी स्वस्थखानेपानीको ब्यबस्थागरिएको
- केहि विद्यालयहरुमावार्षिक शैक्षिकगतिविधि, विद्यार्थीहरुका लेख रचना समेटी वार्षिक मुखपत्रप्रकाशन गर्ने गरिएको ।
- स्थानीय पाठ्यक्रमतथा पाठ्यपुस्तकनिर्माण सुरुगरिएको ।
- अभिवावकविहिनवालबालिकाको लागिनिशुल्कशिक्षाप्रदान गर्ने आधार तयार गरिएको ।
- हरेक वर्ष उत्कृष्ठ विद्यालय र उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गर्ने गरिएको ।

**योजनाको सोँच**

समृद्ध रोहिणीनिर्माणको लागि गुणस्तरीय शिक्षा

**योजनाको लक्ष्य :**

शैक्षिक दृष्टिकोणले रोहिणीलाइअब्बलबनाउन स्रोत साधन परीचालन र प्राप्ती

**योजनकाउद्येश्य :**

१. रोहिणीगाउँपालिका अर्न्तगतका विद्यालयहरुको शैक्षिक अवस्था पहिचान गरी सवै विद्यालयमा विद्यार्थीहरुको पहुँच बृदि गर्ने ,

२ विद्यालयको शैक्षिक गुणस्तरअभिबृदि गरी विद्यालयको सार्न्दभिकता अभिबृदि गर्ने,
३ सवै विद्यालयको संस्थागत सक्षमता अभिबृदि गरी बालमैत्रि विद्यालय र भौतिक पुर्वाधार निर्माण गर्ने ।

शैक्षिक सुचांकहरु परिमाणात्मक लक्ष्य

| सूचकाङ्क | विध्यमान अवस्था २०७९ | | | |
|---|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र | लक्ष्य २०८३।८४ |
| प्रारम्भिक बाल शिक्षा तथा बाल विकास/पूर्व प्राथमिक शिक्षामा अनुभव लिइ कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ५२.२७ | ४८.४८ | ५५.८८ | ६० |
| कक्षा १ मा कूल नयाँ भर्ना दर (GIR[1]) | ११५.०० | ११८.८० | १११.६१ | १०४ |
| कक्षा १ मा खूद नयाँ भर्ना दर (NIR[2]) | ९८.५० | ९९.१२ | ९८.०५ | ९९ |
| आधारभूत तहमा कूल भर्ना दर (GER[3]) | | | | |
| कक्षा १-३ | १०८.७१ | ११२.४६ | १०४.७२ | १०२ |
| कक्षा ४-५ | ९८.०४ | ९८.५५ | ९७.५२ | ९८ |
| कक्षा ६-८ | १०४.९७ | १०७.५४ | १०२.३८ | १०० |
| आधारभूत तहमा खूद भर्ना दर (NER[4]) | | | | |
| कक्षा १-३ | ९७.७९ | ९८.०६ | ९७.७९ | ९९ |
| कक्षा ४-५ | ८६.१५ | ८२.५० | ८९.८० | ९० |
| कक्षा ६-८ | ९२.०४ | ९०.२८ | ९३.८० | ९५ |
| कक्षा १-५ मा उत्तीर्ण दर | ८८.६७ | ८८.९२ | ८८.४० | ९२ |
| कक्षा ६-८ मा उत्तीर्ण दर | ९१.६७ | ९२.६२ | ९०.७० | ९४ |
| कक्षा १-५ मा कक्षा दोहोर्‍याउने दर | ७.०५ | ७.३५ | ६.७३ | ३ |
| कक्षा ६-८ मा कक्षा दोहोर्‍याउने दर | २.४७ | २.२३ | २.७२ | २ |
| कक्षा १-५ मा कक्षा छोड्ने दर | ४.२८ | ३.७३ | ४.८७ | २ |
| कक्षा ६-८ मा कक्षा छोड्ने दर | ५.८५ | ५.१५ | ६.५८ | ४ |
| कक्षा ५ मा टिकाउ दर | ८९.८० | ९०.४० | ८९.२० | ९२ |
| कक्षा ८ मा टिकाउ दर | ७१.५० | ७४.७० | ६८.३० | ७५ |
| माध्यमिक तहमा कूल भर्ना दर (GER) | | | | |
| कक्षा ९-१० | ७६.५४ | ७६.२४ | ७६.८१ | ८० |
| कक्षा ९-१२ | १२५.६८ | १२४.०० | १२७.४२ | १०४ |
| माध्यमिक तहमा खूद भर्ना दर (NER) | | | | |
| कक्षा ९-१० | ६८.९० | ६९.५१ | ६८.२८ | ७६ |
| कक्षा ९-१२ | ३३.५१ | ३२.८१ | ३४.२१ | ५० |
| कक्षा ९-१० मा उत्तीर्ण दर | ९४.२१ | ९४.९२ | ९३.५४ | ९५ |
| कक्षा ९-१० मा कक्षा दोहोर्‍याउने दर | १.६५ | २.०३ | १.२९ | ० |
| कक्षा ९-१० मा कक्षा छोड्ने दर | ४.१४ | ३.०५ | ५.१७ | २ |

| | | | | |
|---|---|---|---|---|
| कक्षा १० मा टिकाउ दर | ५६.०५ | ५९.८० | ५२.३० | ७० |
| *Source: CEHRDFlash Report 20८०* | | | | |

**समस्या र समाधानका रणनीति र** कार्यनीतिहरु

**समस्या**

- शिक्षकविद्यार्थी अनुपात र विषयगतशिक्षकअनुपातमिल्ननसकेको,
- उपयुक्तकक्षाकोठा र फर्निचरको अभाव,
- विद्यालयमाब्यवस्थित सफापिउने पानीको कमी,
- प्रयाप्त शैक्षिक सामाग्रीको कमी,
- कम्प्युटर विज्ञान प्रयोगशाला, खेलकुदका सामाग्री, पुस्तकालयएवमं वाचानालयको समुचितब्यवस्था र प्रयोग हुननसकेको,
- विद्यालय घेरावार, खेल मैदान,बगैचाको सवै विद्यालयमाब्यवस्थाहुननसकेको,
- चमेना गृहको ब्यवस्थाहुननसक्दाजङ्क फुडको प्रयोगलाई रोक्न नसकिएको,
- विद्यार्थी नियमितता, सिकाई प्रतिको अभिरुची,आज्ञाकारीता, असल संस्कार जस्ता पक्षमा पूर्णताहुननसकेको,
- एउटै विद्यालयमा फरक फरक किसिमकाशिक्षकहुनाले आत्मसम्मान र उत्साहमाकमी,
- विद्यालयप्रशासन, शिक्षकतथाकर्मचारी, विद्यार्थी, अभिभावक, वि.व्य.स., शि.अ.सं. को विचमा पूर्ण सुमधुर सम्वन्ध र सामुहिक ऐक्यवद्धतामा कमी,
- शिक्षकको पेशागत वृत्तिविकास, वढुवा, सेवा सुविधामाकमी,
- निरिक्षण र सुपरिवेक्षणमा कमी,
- प्रारम्भिकबालविकास केन्द्रको उचितव्यवस्थापनहुननसक्नु,
- योजनाअनुरुप शिक्षण कियाकलापनभएको,
- उपयुक्त शिक्षण विधिको प्रयोग नभएको,
- कार्यमुलक अनुसन्धान र मामलाअध्ययनको प्रयोग नभएको,
- शिक्षकहरुले आफ्नो पेशाप्रति सकारात्मक सोचका साथउत्साहितभएर लाग्ननसकेको,
- पाठ्यकमले निर्दिष्ठ गरेका सिकाई उपलब्धीप्राप्त गर्ने गरी शिक्षण सिकाई कियाकलापनभएको,
- निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्देश्य अनुरुपकार्यान्यन नभएको,
- शिक्षकको पेशागतदक्षताअभिवृद्धिका लागि निरन्तर स्व-अध्ययन र क्रियाशिलताको कमी,
- विद्यालयभित्रको आन्तरिक असमझदारीबाट सिर्जित समस्या,
- विद्यार्थीहरु, विद्यालय, शिक्षक र सिकाईप्रतिउत्साहित र सिर्जनशिलहुननसकेको,

- अभिवावकहरुमाअभिवावकीयशिक्षाको कमी,
- अतिरिक्तक्रियाकलापमा सवै बालबालिकाहरुको पहुँचपुग्ननसकेको,
- अभिवावक, शिक्षक र व्यवस्थापकीयपक्षहरुबीचको अर्न्तक्रियाप्रभावकारी नभएको,
- प्रयोगात्मक परीक्षाको अभ्यास एवं मूल्याङ्कन प्रक्रिया उद्देश्य अनुकुलनभएको ।

**४. समाधानकाउपायहरुः**

उपर्युक्त समस्याहरुलाई संघीय, प्रदेश, स्थानियतहतथाविद्यालय तहबाट समाधान गर्ने गरी समाधानकाउपायहरु प्रस्तुत गरीएको छ।

**संघीय सरकारबाट समाधान गरीनुपर्ने उपायहरु**

- बालकक्षा र एक कक्षाको बीचमाअर्को कक्षा सञ्चालन गर्नुपर्ने भएकोले वाल सहयोगीकार्यकर्ता सवै विद्यालयमा२ जनाहुनुपर्ने ।
- शिक्षकहरुलाई विभिन्नतहमावर्गीकरण नगरी स्थायी र करारमामात्र राख्नुपर्ने।
- सबै मा.वि. तहमा प्र.अ.को छुट्टै दरवन्दीसिर्जना गर्नुपर्ने।
- शिक्षकको सेवा सर्त र सुविधा सम्वन्धमा राष्ट्रिय मापदण्ड अनुसार हुनुपर्ने।
- शिक्षकको मर्यदाक्रमतोकिनुपर्ने।
- कम्तिमा १० वर्ष एउटै तहमाकार्यरत शिक्षकलाई पदोन्नतिको व्यवस्थाहुनुपर्ने।
- शिक्षा क्षेत्रमाकम्तिमाकुल बजेटको २०% छुट्याउनुपर्ने।
- शिक्षककिरिया विदा र प्रसुतिविदामा बसेको वेला सट्टा शिक्षकको व्यवस्थाहुनुपर्ने।
- शिक्षकहरुलाई विभिन्ननमुनाविद्यालयहरुमाअवलोकन गराई अनुभवआदानप्रधान गर्ने अवसर प्रदान गर्नुपर्ने।
- शिक्षक सेवाआयोगलाई संवैधानिकवनाउनुपर्ने।
- प्रत्येक मा.वि.माकम्तिमा एक खेल शिक्षकको ब्यवस्था गर्नुपर्ने।
- प्रत्येक विद्यालयमा एउटा कम्प्युटर शिक्षक दरवन्दी सृजना गर्नुपर्ने।
- प्रत्यकविद्यालयकाशिक्षकहरुलाइप्रविधिमैत्रिबनाउनुपर्ने ।
- एक विद्‌यालय एक नर्स कार्यक्रम लागु गर्ने

**प्रदेश सरकारबाट समाधान गरीनुपर्ने उपायहरुः**

- प्रत्येक विद्यालयमाभवन, फर्निचर, र  शौचालयको प्रयाप्तव्यवस्था गर्नुपर्ने।
- विद्यालयहरुमा सभाहल, मञ्च,तथा घेरावारको व्यवस्था गर्नुपर्ने ।

- कम्तिमा एउटा वार्डमा एउटा खेल मैदानहुनुपर्ने।
- शिक्षकको पेशागत वृत्तिविकास, वढुवा, सेवा सुविधामा बढोत्तरी गर्ने ।

**स्थानीय सरकारबाट समाधान गरीनुपर्ने उपायहरुः**

- आवश्यकताअनुसार कक्षागत र विषयगत दरवन्दी सृजना गरी दरवन्दीमिलान गर्नुपर्ने।
- प्रत्येक शिक्षकलाई कम्प्युटर सम्वन्धितालिमको ब्यवस्था गर्नुपर्ने।
- प्रत्येक विद्यालयमा इन्टरनेटको पहुँचहुनुपर्ने।
- अभिवावकशिक्षा सञ्चालन गर्नुपर्ने ।

**विद्यालयस्तरबाट समाधानगरिनुपर्ने उपायहरुः**

- अभिभावकशिक्षाकार्यक्रमलाई जोड दिनुपर्ने,
- विद्यार्थी अनुशासनशिक्षाकार्यक्रम सञ्चालनगनुपर्ने,
- विद्यालयप्रशासन, शिक्षकतथाकर्मचारी, विद्यार्थी, अभिभावक, वि.व्य.स., शि.अ.सं. को विचमा पूर्ण सुमधुर सम्वन्ध र सामुहिक एक्यवद्धता हुनुपर्ने,
- निरिक्षण र सुपरिवेक्षण प्रक्रियामा सुधार गर्ने,
- प्रारम्भिकबालविकास केन्द्रको उचितव्यवस्थापन गर्ने,
- योजनाअनुरुप शिक्षण कियाकलाप सञ्चालन गर्ने,
- उपयुक्त शिक्षण विधिको प्रयोग गर्ने,
- कार्यमुलक अनुसन्धान र मामलाअध्ययनको प्रयोग गर्ने,
- शिक्षकहरुले आफ्नो पेशाप्रति सकारात्मक सोचका साथउत्साहितभएर लाग्ने,
- पाठ्यकमले निर्दिष्ठ गरेका सिकाई उपलब्धीप्राप्त गर्ने गरी शिक्षण सिकाई कियाकलापअवलम्वन गर्ने,
- निरन्तर विद्यार्थी मूल्यांकनको उद्देश्य अनुरुपकार्यान्वयन गर्ने,
- शिक्षकको पेशागतदक्षताअभिवृद्धिकालागि निरन्तर स्व-अध्ययन र क्रियाशिलता बढाउने,
- विद्यालयभित्रको आन्तरिक असमझदारीबाट सिर्जित समस्याहरुको उचितव्यवस्थापन गर्ने,
- विद्यार्थीहरु विद्यालयशिक्षक र सिकाईप्रतिउत्साहित र आज्ञाकारी हुने वातावरण सिर्जना गर्ने,
- अभिवावकहरुमाअभिवावकीयशिक्षाकार्यक्रम सञ्चालन गर्ने,
- अतिरिक्त कियाकलापमा सवै बालबालिकाहरुको पहुँच पुऱ्याउने,
- अभिवावक, शिक्षक र व्यवस्थापकीयपक्षहरुविचको अर्न्तकियाप्रभावकारी बनाउने,
- प्रयोगात्मक परीक्षाको अभ्यास एवं मूल्याङ्कन प्रकिया उद्देश्य अनुकुल गर्ने गराउने ।

**अपेक्षितउपलब्धी**

योजनाको अन्त्यसम्ममारोहिणीगाउँपालिकालाई नमुना शैक्षिकहवको रुपमा स्थापितगरिनेछ । आधारभुत र माध्यमिकशिक्षामाखुदभर्नादर र सहजै देखिने भर्नादरलाइशतप्रतिशत पुर्‍याइनेछ भने सिकाइउपलब्धीमामौजुदा स्थीतिवाट १० प्रतिशतले बृदिगरिनेछ । विद्यालयमाआवश्यकभौतिकपुर्वाधारको विकास गरिनेछ ।

# खण्ड दुई
# प्रारम्भिकबालविकास तथाशिक्षा

**सारांश**

बालविकासतथापूर्व प्राथमिकशिक्षाकार्यक्रमलेविद्यालयमाबालबालिकाको भर्ना दर र पहुँच बढाई कक्षा दोहोर्याउने र कक्षा छाड्ने दर घटाएको हुँदा आधारभूततहको जगको रुपमा लिइएको छ । प्रति विद्यालय एक बालविकासकेन्द्र स्थापना गर्ने भनिएतापनि हालसम्म रोहिणी गाउँपालिकाभरका ४४ बालविकास केन्द्र छन् ।अझै पनि केहीविद्यालयमाबालविकासका कोटा दोहोरिएकाहुनाले सवै विद्यालयमाबालविकास केन्द्र पुग्न सकेको छैन ।बालविकास कोटा नभएका विद्यालयबाट बालविकास कोटाको मागव्यापक रुपमाहुने गरेको छ ।अधिकांशबालविकास केन्द्रहरु पनि व्यवस्थित रुपमा सञ्चालन नभएका हुँदा ती बालविकासलाई गुणस्तरीयता कायम गर्दै व्यवस्थित गर्नेकामचुनौतीपूण बनेको छ।

## २.१. वर्तमान स्थिति

प्रारम्भिक बालविकास तथा शिक्षालाई आधारभूत शिक्षाको जगको रुपमा लिइएको छ । EFAको राष्ट्रिय कार्य योजनाले SSRP / SSDP मा पनि प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनको आधार प्रदान गरेको छ । यस कार्यक्रमले मुख्य गरी प्राथमिक शिक्षामा आन्तरिक दक्षता बढाउने, सुविधाविहिन वर्गका बालबालिकाहरुको भर्ना दर र पहुँच बढाउनुका साथै कक्षा १ को कक्षा छोड्ने र कक्षा दोहोर्‍याउने दर घटाएको छ । विद्यालय र समुदायमा आधारित गरी गाउँपालिकाभर ४४ECED केन्द्रहरु खुलेका छन् । ECD लाई गैरसरकारी र सामुदायिक संस्थाहरुसंग सहकार्य गरेर सञ्चालन गर्ने सरकारको लक्ष्य भएतापनि शिक्षा मन्त्रालयको समन्वयका अभावका कारण गाउँपालिका तथा नगरपालिकाको सहयोग र समन्वयमा संचालन भैरहेका छन् । यस गाँउपालिकामा विद्यालयमा आधारित ४९ बालविकास केन्द्र रहेका छन ।

**पूर्व प्रा.वि.तथाबालविकास केन्द्रको अवस्था**

| तथ्याङ्क सूचकहरु | २०७८ | २०७९ | २०८० |
|---|---|---|---|
| बालविकासकक्षाहरुको सङ्ख्या | ४४ | ४४ | ४४ |
| बालबालिका सङ्ख्या | १५९१ | १४४४ | १७३१ |
| कक्षा १ को जम्मानयाँविद्यार्थीहरुमध्ये बालबिकास अनुभवलिई आउने विद्यार्थीको प्रतिशत | – | ९५ | ९७ |

*श्रोत : IEMIS Report*

## २.२ पहुँच

प्रत्येक सामुदायिकविद्यालयमाकम्तीमा १–१ वटा बालबिकास केन्द्र सञ्चालन गर्ने भनिएको भएतापनिगाउँपालिकाभरका विद्यालयहरुमा समानुपातिक रुपमाबालबिकास केन्द्रहरुको पहुँचपुग्न सकेको छैन । केन्द्रको व्यवस्थापननयाँखोल्ने भन्दाभएकालाई व्यवस्थाापन गर्ने चुनौतीपूर्ण छ । बालविकासकाबालबालिकालाई कक्षा १ मा सँगै राख्ने र वालबिकासको सहयोगीकार्यकर्ताले माथिल्लो कक्षा सञ्चालन गर्ने तथावालविकासको मर्म विपरित क्रियाकलापहरु गरिँदावालविकास केन्द्रको व्यवस्थापनमाथुप्रै चुनौतीहरु खडा भएका छन् । शैक्षिक सामग्रीतथावालमैत्री शैक्षिक सामग्रीहरुको अभावले बालविकास केन्द्रहरु गुणस्तरीय हुन सकेका छैनन् ।

२.३ बालविकास केन्द्रको उद्येश्य :

बालविकास केन्द्रकातपशिलबमोजिमकाउद्येश्यहरु रहेका छन ।

१ बालबालिकाहरुको शारिरिक मानसिक ,सामाजिक , नैतिक , तथा सर्वाङ्गिण पक्षको विकास गर्नु ।

२ बालबालिकाहरुलाई आधारभुतशिक्षाकालागितयार हुनसिकाउनु ।

३ विद्यालयप्रति सकारात्मकधारणाको विकास गर्नु ।

४ सफा सुग्घर रहने बानीको विकास गर्नु ।

५ सामान्य लेखपढ तथाअक्षर चिन्न सक्ने वनाउनु ।

## २.४. वालविकास केन्द्रहरुको पूर्वाधारको विकास

वालविकास केन्द्रको स्वामित्व सम्बन्धमाकसको वालविकास केन्द्र हो भनी परस्पर विरोधी सोचाइले गर्दा धेरै वालविकास केन्द्रहरुको पूर्वाधारको विकास भैसकेको छैन । वालविकास केन्द्र विद्यालयतथा समुदाय, स्थानीयतहवा स्थानीय सहयोगी संस्था कसबाट सहयोग पाउने हो स्पष्ट नीतिगतव्यवस्थाको सहीकार्यान्वयननभएको हुनाले र ऐन नियमहरु बाझिएकोले विद्यालयमा सञ्चालनभएका केही केन्द्रहरुलाई छोडेर धेरैमापूर्वाधारको विकास छैन । भएकामापनिबालमैत्रीपूर्ण कक्षाकोठा, फर्निचर, खानेपानीव्यवस्था, शौचालयआदीको व्यवस्थाअझै गर्न सकिएको छैन यसको लागि सरोकारवालाहरुको सहभागितामाआवश्यककार्यविधिहरु वनाइकार्यान्वयनमाल्याउनुपर्ने देखिन्छ । मूलत : स्थानीय सरकार सञ्चालन ऐन तथाशिक्षा ऐन र नियमावलीको व्यवस्थातथाअन्तराष्ट्रिय प्रचलनअनुसार बालविकास सम्बन्धी व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको हो तर स्थानीय सरकारले बालविकास केन्द्रको स्वमित्वको अनुभूति गरेको पाँइदैन । विद्यालयशिक्षाको जग बालविकास केन्द्र भएकाले माथिल्लो कक्षाभन्दायसको विकास र रेखदेख अति जरुरी छ । स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ३ गाउँपालिकातथानगरपालिकाको कामकर्तव्य र अधिकार अर्न्तगत ज माआधारभुततथामाध्यमिकशिक्षाको व्यवस्थागरिएको छ । उक्तव्यवस्थाको बुँदा नं १ माप्रारम्भिकबालविकास तथाशिक्षा , आधारभुतशिक्षा , अभिवावकशिक्षा , अनौपचारिक शिक्षा , खुलातथा बैकल्पिकशिक्षा , निरन्तर सिकाई , सामुदायीकसिकाइ र विशेष शिक्षा सम्वन्धीनीति , कानुन , मापदण्ड , योजनातर्जुमा ,कार्यान्वयन , अनुगमन , मूल्यांकन र नियमनभन्ने व्यवस्थाअनुरुप बालविकास केन्द्रको व्यवस्थापनमा स्थानीय सरकार लाग्नुपर्ने देखिन्छ ।

## अवसर तथाचुनौतीहरु

cj;/xµ

- रोहिणीमा प्रारम्भिकबालशिक्षातथाविकास कार्यक्रमले महŒवपूर्ण उपलब्धिहासिल गरेको मानिएको छ । हालसम्म यस गाउँपालिकामा ४४ वटा बालबिकास केन्द्र/पूर्व प्राथमिककक्षाहरु सञ्चालनमाआएका छन् । यीनिहरुले प्रारम्भिकबालविकास तथापुर्व प्राथमिकतहको शैक्षिकपहुँचमा वृद्धि हुदै गएको देखिन्छ ।
- अभिभावकतथा स्थानीयतहको केन्द्र स्थापनातथा सञ्चालनमाउत्सुकतातथा सहयोगमा वृद्धि हुँदै गइरहेको छ ।
- विद्यालयतथा समुदायदुवैमा यस कार्यक्रमको विस्तारका लागिविद्यालय, समुदाय, स्थानीय सरकार, गैसस र समुदायमाआधारित संस्थातथानिजी क्षेत्रबाट प्राप्त संस्थागत सहयोगले महŒवपूर्ण भूमिका खेलेको छ ।
- गुणस्तरीय शिक्षाकालागि स्रोत परिचालनतथाव्यवस्थापनमा सरकारी प्रतिवद्धतामा क्रमशः वृद्धि हुदै गएको छ । जस्तै बालविकास सहजकर्ताको पोषाक सुविधा ।
- बालविकास कार्यक्रममा गुणस्तरीयताअभिवृद्धि गर्न विद्यालयमाआधारित गुणस्तरीय बालविकास केन्द्रहरू स्थापना गर्नेतर्फ प्रयास भइरहेको छ ।
- प्रारम्भिकबालशिक्षातथाविकास कार्यक्रमको कार्यान्वयनबाट हासिलगरिएकाअनुभवले यस कार्यक्रमलाई विस्तार गर्ने, सेवालाई सिमान्तकृत वर्गको पहुँचमाल्याउन रणनीति विकास गर्ने तथा गुणस्तर अभिवृद्धि गर्ने कार्यमामार्ग प्रशस्त गरेको छ ।
- अभिभावक, विद्यार्थी तथा सामाजिक समूहमा देखिएको बढ्दो आकाङ्क्षाप्रारम्भिकबालशिक्षा र विकासकालागि ठूलो अवसर हो ।
- स्थानीयतहको कार्यक्षेत्रमा प्रारम्भिक बालशिक्षा र विकास क्षेत्रले प्राथमिकता पाउन थालेको छ ।
- योग्य सहजकर्ताहरु प्राप्त गर्ने अवसर मिलेको छ ।
- केन्द्र व्यवस्थापनमामातृ विद्यालयको प्रत्यक्ष सहयोग रहेको छ ।

;d:oftyfr'gf}tLx?

- सहयोगीकार्यकर्ताको पारिश्रमिकअत्यन्तकमहुनु जम्मा १५०००
- यति ठूलो संख्यामाबालविकास केन्द्र/पूर्व प्राथमिकविद्यालय स्थापनाहुँदापनि सहजै देखिने भर्नादर अझै पनिकम -९६प्रतिशत) हुनु ।
- कक्षा १ माबालविकासको अनुभव सहितको भर्ना हुनेको प्रतिशतकम रहनु ।
- निरन्तर सेवादिन सक्ने योग्य, अनुभवीतथा सक्षम सहयोगीकार्यकर्ताहरुको पलायनतीव्र हुनु ।
- सहयोगीकार्यकर्ताहरूलाई निरन्तर प्राविधिक सहयोग प्रदान गर्ने संस्थागतप्रवन्धको अभाव,
- केन्द्रहरुमाबालविकासको मर्म अनुरुप शैक्षिकगतिविधिहुननसक्नु ।
- सकारात्मकप्रयासहरुको प्रचार प्रसारको अभाव ।
- गुणस्तरको न्यूनतम मापदण्ड सुनिश्चित गर्न नसकिएको ।

- गाउँपालिकाभित्रका सबै विद्यालयहरुमा केन्द्रहरु व्यवस्था गर्न नसकिएको ।
- बालविकास कार्यक्रमको मर्म र अभिभावकहरुको अपेक्षामातालमेल नपाईएको ।
- बालविकास केन्द्रको दिगोपनको प्रर्याप्त आधार नरहेको ।
- बालविकास केन्द्रमाविद्यार्थी संख्याकमहुनु,
- विद्यालयमाआधारित कि समुदायमाआधारित कुनबालविकास कक्षामा जोड दिने द्विविधा रहनु
- भौतिकपूर्वाधारका लागि सहयोगको अवस्था नरहनु ।
- पुनर्ताजगीतालिमको व्यवस्था र स.का. रिक्त भै नयाँनियुक्तभएका स.का.का लागिआधारभूततालिमको व्यवस्थानहुनु ।
- शैक्षिक सामग्री र अन्यव्यवस्थापनकालागि भरपर्दो स्रोतको व्यवस्थानहुनु ।
- पाठ्यसामग्रीको व्यवस्थापननहुनु ।
- अनुगमन, मूल्यांकनप्रभावकारी हुननसक्नु ।
- PPCमादुई वर्षे र ECEDमा १ वर्षे दुई खाले व्यवस्थाबीचअन्योल हुनु ।
- कक्षा १ र बालविकासलाई सँगसँगै पठनपाठन गराइनु अर्थात बालविकास कक्षालाई थप दरवन्दीको रुपमा हेरिनु ।
- शिक्षण सिकाइमा सम्बन्धित सहजकर्ता बाहेक अरुको पनिप्रयोग गरिनु ।

### २.१.४ नीति र रणनीतिहरु

- विद्यालय क्षेत्र सुधार कार्यक्रमअनुसार तीनदेखि पाँचवर्ष उमेरका बालबालिकाकालागि योजनाले एक वर्षको प्रारम्भिकबालशिक्षातथाविकास कार्यक्रमकालागिखर्चको व्यवस्था गरेको छ । । तर तोकिएको भन्दाकम उमेरका लागि समुदायले आफ्नै स्रोतको परिचालन गरी बालविकास कार्यक्रम सञ्चालन गर्न सक्नेछन् भनीउल्लेख गरेको छ ।
- शैक्षिकपहुँचतथा गुणस्तर सुधारलाई प्रमुख रूपमा केन्द्रित गरी माग र आपूर्तिबीच सामञ्जस्यकायमगर्दै प्रारम्भिकबालशिक्षातथाविकास कार्यक्रमको विस्तार गरिनेछ ।
- अल्पसङ्ख्यक जनजाति, महिला, सिमान्तकृत समूह, दलित जस्ता पिछडिएको जनसङ्ख्या बस्ने स्थानको पहिचानगरिनेछ र प्रारम्भिकबाल शिक्षा तथा विकास कार्यक्रममाउनीहरूको पहुँचलाई प्राथमिकता दिने कुरा सुनिश्चित गरिनेछ ।
- नीतिगततथाकार्यान्वयनतहदुवैमाअविभेदकारी व्यवहार अवलम्बनगरिनेछ ।
- प्रारम्भिकबालविकासको गुणस्तरमा सुधार गर्ने,
- बालमैत्रीवातावरणको विकासमा जोड दिने,
- अनुगमन र मूल्यांकन प्रणालीलाई व्यवस्थितबनाइने,
- सरोकारवालाहरुबीच समन्वयकायम गराइने,
- स्थानीय सरकार र गै.स.स.लाई परिचालन गर्ने ।

## २.५ समस्या, समाधान र क्रियाकलापहरु

तलको तालिकामा रोहिणीमा रहेका बालविकास केन्द्रसँग सम्बन्धित समस्याहरु ती समस्याहरु समाधानका लागि अपनाइने रणनीतिका साथै योजनामा गरिने क्रियाकलापहरु स्पष्ट रुपमा उल्लेख गरिएका छन् ।

**समस्या, समाधानको रणनीति र सञ्चालन गर्ने क्रियाकलापहरु**

| **समस्या** | **समाधानको रणनीति** | **क्रियाकलाप** |
|---|---|---|
| बालविकास केन्द्रको नक्साङ्कन नगरिएको | स्थानिय तहको सहकार्यमा नक्साङ्कन गर्ने | नक्साङ्कन, तथ्याङ्क विश्लेषण गर्ने अनुगमन, पृष्ठपोषण गर्ने |
| बालविकास केन्द्रको अनुगमन अपेक्षितरुपमा नभएको | अनुगमनको संयन्त्र तयार गर्ने | प्रारम्भिकबालविकास शिक्षामानवको भावीजीवनको तयारीकालागि सर्वाधिक महत्वपूर्ण चरण भएकोले बालबालिकाको सर्वाङ्गिण विकासकालागिउच्चमहत्वदिँदै क्रमशः सबै विद्यालयमापूर्व प्राथमिककक्षालाई व्यवस्थितगरिँदै लगिने छ। जसको लागिबालबालिकाहरुलाई चिसो नपस्ने गरी बसाइव्यवस्थापन, विभिन्न खेलौनाहरु र मनोरञ्जनसहितको उचितबालमैत्रिकक्षाव्यवस्थापनभएनभएको सम्वन्धमाअनुगमनमूल्यांकनगरिनेछ। |
| स्थान र सामग्री व्यवस्थापनको अभाव | स्थानिय तह र निकायलाई स्थान र सामग्री व्यवस्थापन गर्न परिचालन गर्ने र उत्प्रेरित गर्ने। | स्थान व्यवस्था, भवन निर्माण, स्थानीय सामग्री निर्माण र प्रयोगसम्वन्धि व्यवस्था गरिनेछ। |
| पाठ्यक्रम अनुसार कक्षा सञ्चालन नभएको | स.का. तथा अभिभावकलाई बालविकास पाठ्यक्रमको प्रबोधीकरण र पुनर्ताजगी तालिम सञ्चालन गर्ने | अभिभावक शिक्षा, आमा भेला, पुनर्ताजगी तालिम प्रदान गरिनेछ। |
| सामुदायिक संस्थाहरुको अप्रर्याप्त सहयोग | सामुदायिक संस्थाहरुलाई योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रक्रियामा सहभागी गराउने | सहयोग क्षेत्रको पहिचान र माग गरिनेछ। |
| बालविकास केन्द्र सञ्चालनको समयावधिमा विविधता ( २-६ घण्टासम्म) रहेको | पाठ्यक्रममा तोकिएको चार घण्टे समयावधि लागु गर्ने | निर्देशन ,अनुगमन , समन्वय र सहकार्य गरि एकरुपता कायम गरिनेछ। |
| सहयोगी कार्यकर्ताहरुको न्यून पारिश्रमिक रहेको | सरकार बाहेक अन्य क्षेत्रहरुबाट पनि सहयोग जुटाउन प्रयत्न गर्ने | थप पारिश्रमिकको लागि गाउपालिका तथा वार्डको शिक्षा बजेटवाट व्यवस्थापन गरिनेछ। |
| सहयोगी कार्यकर्ताहरुको बारम्बार हेरफेर | स्थानिय विवाहित, एसएलसी उत्रिण गरेकोलाइ | नियुक्ति प्रक्रियालाई पारदर्शिता बनाइ तालिम लिएकालाइ प्राथमिकता दिइनेछ। |

| | | |
|---|---|---|
| | प्राथमिकता | |
| पुरुष सहयोगी कार्यकर्ताहरुकोनियुक्ति | महिलालाई मात्र स.का.मा राख्ने | विद्यालयले तथा गाउँपालिकाले कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ । |
| पुनर्ताजगी तालिमको अभाव | समयसमयमा पुनर्ताजगी तालिमको व्यवस्था मिलाउने | सहजकर्तालाई सहभागी गराउने र सहजकर्तालाई तालिम कार्यान्वयनको जिम्वेवारी दिइनेछ ।<br>● तालिमको समयावधि बढाइनेछ । |
| दलित बालबालिकाहरुको पहुँचमा कमी | दलित बालबालिकाहरुलाई पहुँच पुग्नेगरि बा.वि.के.को स्थापना गर्ने | दलित बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गर्ने |
| भौतिक पुर्वाधार र समग्र कक्षा व्यवस्थापनगत समस्या | विद्यालयले सुलभ तथा स्तरीय कक्षाकोठा उपलब्ध गराउने | ● विद्यालयलाइ बालविकास केन्द्रका लागि स्तरीयकक्षाकोठा ब्यवस्थापन सम्वन्धमा बालविकास केन्द्र ब्यवस्थापन समितिको तथा सरोकारवालाहरुको बैठक वसी आवश्यक कार्यहरु गरिनेछ ।<br>● वडाहरुलाई विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार र अपनत्व विकास गराउनको लागि अभिमुखिकरण , परिचालन ,अनुगमन ,छलफल ,समिक्षा गरी सम्वन्धित निकायमा प्रतिबेदन पेश गरिनेछ ।<br>● अभिवावकहरुलाइ बालविकास केन्द्रको महत्व र आवश्यकता वोध गराउनको लागि अभिवावक शिक्षा सन्चालन गरिनेछ ।<br>● विद्यालयले बालसामग्रि निर्माण तथा खरिद गरिनेछ ।<br>● विद्यालयको समग्र शैक्षणिक ब्यवस्थापनको लागि निरन्तर अनुगमन छलफल र अन्तर्कृयाको माध्यमबाट बालविकास केन्द्र ब्यवस्थापन सम्वन्धमा सुधारात्मक कार्य गर्ने साथसाथै बालविकास सहयोगि कार्यकर्ताबाहेक अन्य शिक्षकहरुले समेत बालबालिकाहरुको मनोबैज्ञानिक वातावरणको ब्यवस्थापन गरिनेछ । |

| | | |
|---|---|---|
| | | ● विद्यालय प्रशाशन र व्यवस्थापन सम्बद्ध पक्षहरुलाइ पृष्ठपोषण प्रदान गरिनेछ । |

# खण्ड तीन
# आधारभूततह

## सारांश

कक्षा १देखि ८ लाई आधारभूत तहमानिएको भएतापनि पूर्ण रुपमा व्यवहारिक कार्यान्वयन भएको छैन । नेपालको आधारभूत तहमा खुद भर्ना दर ९६ प्रतिशत भएतापनि नेपालको सन्दर्भमा94.4 मात्र बालबालिकाहरुको खुद भर्नादर रहेके पाइन्छ । अशक्त,दलित,जनजाति,पिछडा समुदायका बालबालिकाहरुलाई अझैपनि विद्यालय शिक्षामा पहुँच र टिकाउदर अन्य समुदायका बालबालिकाहरुको तुलनामा ज्यादै न्यून हुनु यस गाउँपालिकाकोप्रमुख चुनौती रहेको छ । साथै दलित र छात्रा छात्रवृत्तिको पनि लक्षीत वर्गमा पहुँच पुग्न सकिरहेको अवस्था छैन ।विद्यालयहरु अत्यन्तै उत्साहपर्द रुपमा खोलिएका छन् तर ती विद्यालयहरुलाई चाहिने आवश्यक पर्ने मानव संशाधन व्यवस्थापन प्रभावकारी नहुनाले शैक्षिक गुणस्तरमा प्रश्न उठिरहेको छ । साथै विद्यालयहरुले अंग्रेजी माध्यमबाट पठन पाठन शुरु गरेतापनि मौजुदा जनशक्तिबाट सो माध्ययममा प्रभावकारी शिक्षण हुन नसकेको अवस्थामा कार्यालयले प्रधानाध्यापक गोष्ठी, अन्तरक्रिया कार्यक्रम, अंग्रेजी माध्यममा कक्षा सञ्चालन भईरहेका विद्यालयका शिक्षकहरुलाई तालिम प्रदान गरि शैक्षिक गुणस्तर वृद्दि गर्नको लागि मौजुदा शिक्षकहरुलाई ससक्तिकरण गरेको छ । बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच पुर्याउन आवश्यक पर्ने भौतिक पुर्वाधार एवं संरचनाहरु बालमैत्री बनाउने प्रयत्न गरिएको छ ।

### ३.१ वर्तमान स्थिति

विद्यालय क्षेत्र विकास योजनाले आधारभुत तह कक्षा १ देखि ३, कक्षा १ देखि ५ र कक्षा १ देखि ८ सम्म ३ तहमा पुनः संरचना गर्न खोजेको छ। कक्षा १ को खुद प्रवेशदर ९६% पुऱ्याउने कुल भर्नादर १०५ र खुद भर्नादर ९४% कायम गर्ने कक्षा ८ का Survival Rate ८४% पुर्याउने कक्षा १ को कक्षा दोहोऱ्याउने दर सुन्यको नजिक पुर्याउने लक्ष्य राखिएको छ । राज्यको दायित्व ५ देखि १२ वर्ष उमेर समूहका सबैलाई निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चितता आधारभूत शिक्षाको सवै पक्षमा समान सहभागिताको अवसर प्रदान गर्न तथा गुणस्तर र सान्दर्भिकताका लागि समान सहयोगको सुनिश्चितता र न्यूनतम पूर्वाधारको व्यवस्थापन गर्ने, NCF लाई आधार मानी मुख्य पाठ्यक्रम र स्थानीय पाठ्यक्रम तयार पार्ने, मातृभाषालाई शिक्षणको माध्यम, सिकारुको विविधता र सिक्ने क्षमताको आवस्यकतालाई विचार गर्दै विस्तारीत शिक्षण विधिको प्रयोग गर्ने लक्ष्य निर्धारण गरेको छ।

आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा संविधानमा स्थापित भैसकेको अवस्थामा सबैका लागि शिक्षाको पहुँचको लागि राजनैतिक प्रतिबद्धताको अभाव कायमै छ । विद्यालय पायकमा सार्ने, गाभ्ने, दरबन्दी मिलान, बसाइँसराइँ व्यवस्थापन, विद्यालय

सेवा क्षेत्र निर्धारण जस्ता कुरा कर्मचारीवृत्तबाट मात्र सम्भव हुन सक्तैनन् । यसका लागि स्थानीय तहदेखि केन्द्रीय स्तरसम्म प्रतिबद्ध राजनैतिक सोचको आवश्यकता देखिन्छ । प्राविधिक काम शिक्षा शाखाको प्राविधिक टोलीले गरे पनि कार्यान्वयनको बखतको जन दवाव थेग्न र जन दवाव सृजना गर्न सर्वसम्मत राजनैतिक प्रतिबद्धता आवश्यक पर्छ । यी काम गर्न सके विद्यालयको भौतिक अवस्था सुधार तथा पहुँचमा सरलता ल्याउन सहज हुनेछ ।

अभिभावक सचेतना कार्यक्रम, छात्रवृत्ति कार्यक्रम, सहयोगी कार्यकर्ता तथा शिक्षक तालिम कार्यक्रम (जुन बालमैत्री शिक्षकका लागि विशेष रुपमा केन्द्रित होस्) स्थानिय स्तरमा सामग्री निर्माण कार्यशाला सञ्चालन, सुविधायुक्त बसाइँ व्यवस्था, निरन्तर मूल्याङ्कन प्रणालीले ल्याउने उदार कक्षा उन्नती, लैङ्गिक विभेद मुक्त विद्यालयीय वातावरण, शैक्षणिक क्रियाकलापमा शैक्षिक सामग्रीको उचित प्रयोग, शौचालय र खानेपानी व्यवस्था बालमैत्री अवस्थामा राख्न सके पनि पहँचको दायरा फराकिलो हुने गर्छ । प्राथमिक तहको NER 98% भन्दा माथि रहेको अवस्थामा उमेरगत कक्षा (Age wise grade) को अवधारणाले पनि प्रवेश पाउनु राम्रो हुन्छ । यो अवधारणाले NER र GER बीचको फरकलाई क्रमशः साँगुरो पार्दै लैजान सहयोग गर्नेछ । वैकल्पिक शिक्षा कार्यक्रममा अनुगमन प्रणाली सुदृढ गरी कार्यान्वयन गर्न सके Age wise grade कार्यक्रम सफल हुन सहयोग मिल्नेछ । विद्यालयमा बालक्लवको गठन गरी बालबालिकालाई साङ्गठनिक रुपमा सबल गर्दा पनि विद्यालयको पहुँचको दायरालाई फराकिलो पार्न सकिन्छ ।

## ३.२. आधारभूत शिक्षामा पहुँच

रोहिणी गाउँपालिकामा जम्मा ३९ वटा आधारभुत विद्यालय रहेका छन् । पहुँच सम्बन्धी तलको तालिकामा दिइएको छ । विद्यार्थी सङ्ख्याको हिसाबले आधारभूत तहमा छात्रा १८८२ र छात्र १८४८गरी जम्मा ३७३० विद्यार्थी अध्ययनरत छन् । लैङ्गीक हिसाबले आधारभूत तहमा छात्र , छात्राअनुपात ०.९८ रहेको छ ।

**आधारभुत तहको पहुँच सम्बन्धी प्रगति विवरण**

| तथ्याङ्क तथा सूचक, सूचांकहरु | २०७९ |
|---|---|
| कक्षा १ देखि ५ को विद्यार्थी सङ्ख्या | ५८७५ |
| कक्षा ६ देखि ८ को विद्यार्थी सङ्ख्या | २५५६ |
| कक्षा १ देखि ८ को विद्यार्थी सङ्ख्या | ८४३१ |
| कुल विद्यार्थीमा केटीको प्रतिशत | ५१.७१ |
| कुल भर्ना दर आधारभुत | ९४ |
| खुद भर्ना दर आधारभुत | ९४.४ |
| दलित विद्यार्थीको प्रतिशत | ३८.८९ |
| जनजाति विद्यार्थीको प्रतिशत | १४.२० |

***श्रोत : IEMIS रोहिणीगा.पा.***

## ३.३. समता र सामाजिक समावेशीकरण

रोहिणी गााउपालिकामा  विभिन्न समुदायको सहभागिता र सफलताको अवस्था फरक छ । महिला तथा पिछिडिएका समुदायका बालबालिकाका लागि स्थानीय स्रोत, ज्ञानमा जोड दिने प्रयासहरु हुन सकेका छैनन् । स्थानीय समुदाय, निकाय र सारोकारवालको सहकार्यमा महिला तथा पिछडिएका समुदायका बालबालिकाका को लागि पाठ्यक्रम र शिक्षण सिकाई प्रक्रिया अनुकुल बनाउन केही प्रयासहरु थालिए पनि मूर्तरुप दिन सकिएको छैन । शिक्षक भर्नामा आरक्षणका सवालमा अहिले विद्यालयमा महिला शिक्षकको व्यवस्थामा बाहेक महिला, दलित तथा सुविधा विहिनको लागि प्रत्येक ठाँउमा सहभागिताका लागि विशेष व्यवस्था गर्न सकिएको छैन । शिक्षण अनुमति पत्र विशेष गरी दलित महिला र सुविधाविहीन वर्गले प्राप्त गर्न नसकेको अवस्थामा उनीहरुलाई विद्यालय प्रवेश गराउन गाऱ्हो भएको छ । रोहिणी गाउँपालिकामाा अपाङ्गता भएका बालबालिकाहरुमध्ये सुस्त मनस्थिति, सुस्त श्रवण र दुष्टि विहिन र साधारण सारिरिक अशक्त गरी १४५जना बालबालिकाहरु अध्ययन गरिरहेका छन् ।

बालबालिकालाई कक्षागतअध्ययननभई व्यवहारिक ज्ञान दिने प्रयास भइरहेको छ । यी र यस्ता कार्यकमहरुलाई योजनाअवधिमाअझ सशक्त रुपमा अगाडि वढाउँदै लैजाने प्रयास योजानले गरेको छ । हाल नेपाल सरकारले अपाङ्गताको प्रभाव हेरी छात्रवृत्तिको स्तर निर्धारण गरेको छ । सोहीअनुसार छात्रवृत्तिप्रदान गर्ने कुरालाई योजनाले निरन्तरतादिएको   छ ।

### ३.४ छात्रवृत्तिः

यस गाउँपालिकाको आधारभूततहमाप्रदानगरिने छात्रवृत्तिदलितकक्षा १-८ माअध्ययनरत दलितविद्यार्थीका लागि छात्रवृत्तितथाअपांग  छात्रवृत्तिको व्यवस्थागरिएको छ ।

### समस्या, समाधानको रणनीति र सञ्चालन गर्ने क्रियाकलापहरु

विद्यालय क्षेत्र सुधार योजनाले निर्देशन गरे बमोजिम अधिकार,गुणस्तर र सान्दर्भिकता एवम् प्रशासन तथा व्यवस्थापन सन्दर्भमा रोहिणी गाउँपालिकाका  मुख्य मुख्य समस्याहरु समाधानको रणनीति र नतिजाहरु ल्याउन सञ्चालन गरिने क्रियाकलापहरुको सूची तलको तालिकामा दिइएको छ ।

| समस्या | समाधानको रणनीति | क्रियाकलाप |
|---|---|---|
| ljBfnosf] :yfkgf / :t/ pGglt | नक्साङ्कन गरी विद्यालय स्थापनातथा | नक्साङ्कन, विद्यालय स्थापना र कक्षाथपगरिनेछ । |

| समस्या | समाधानको रणनीति | क्रियाकलाप |
|---|---|---|
| | स्तरोन्नतीगरिने | |
| ljkGg, blnt / ;8s afnaflnsfx?nfO{ ljBfnodfNofpg] / l6sfpg] ;d:of | प्रोत्साहनअनुदान दिएर विद्यालयमाभर्ना गराई टिकाई राख्ने | छात्रवृत्तिप्रदानगरिनेछ । |
| ckfª\u afnaflnsfx?sf] nfuLljz]if sIffx?sf] lj:tf/df ;d:of | धेरैभन्दा धेरै शिक्षकहरुलाई तालिम र स्रोतकक्षाहरुको विस्तार | शिक्षकतालिम, स्रोत कक्षाको स्थापनागरिनेछ ।<br>अभिवावकविहिन र अतिविपन्नतथाअपांगविद्यार्थीहरुको लागिआवासीय छात्रावास बनाइनेछ । |
| आर्थिक विपन्नताको कारण कापीकलमको अभावमाविचमै कक्षा छोड्ने | जातीयआधारमा मात्रनभई विपन्नताको आधारमापनि छात्रवृत्तिवितरण गर्ने प्रक्रियाथालनी गर्ने | अभिवावकविहिन र अतिविपन्नतथाअपांगविद्यार्थीहरुको लागिआवासीय छात्रावास बनाइनेछ ।<br>गाउँपालिकाकाआर्थिक तथा सामाजिक रुपले पछि परेका दलित,कुमालरअन्यकठिनसमुदायकाबालबालिकामादेखिएका कमजोर आन्तरिकसक्षमता ( भर्ना,उत्तीर्ण,धानिने,दोहोर्‍याउनेरछाड्नेदर)लाईसम्बोधनगर्नस्थानविशेष रविद्यालयगत विशिष्टिकृत प्रयासगरिनेछ। विद्यालयतहमाशिक्षकस्टाफबैठक, विद्यालयव्यवस्थापनसमितिरशिक्षकअभिभावकसंघमाछलफल गरीसमस्यासमाधानकाआ-आफ्नामौलिकउपायपहिचानरकार्यान्वनगरिनेछ |
| विद्यार्थी अनुपातमाशिक्षकको व्यवस्थाहुन सकेन | क्रमश दरबन्दीमिलान गर्ने वाप्रतिविद्यार्थी लागतको आधारमाअनुदान उपलब्ध गराउने | दरबन्दीमिलान र प्रतिविद्यार्थी लागतअनुदानकाआधारमाउपयुक्तनदेखिएकासामुदायिकविद्यालयगाभ्ने,नयाँस्थापनानगर्ने,तह रकक्षोन्नतिनगर्ने पक्षलाईउच्चमहत्वदिँदैबालबालिकाकोपठनपाठन रशैक्षिकगुणस्तरमाविशेषध्यानकेन्द्रितगरिनेछ। शैक्षिकसुधारकोमर्मरभावना,सीमितस्रोतरसाधनकाविद्यमानअवस्थालाईहृदयङगमगरी गाँउपालिकालेदरवन्दीमिलानकार्य गर्न  अनिवार्य देखिन्छ । यसकालागिसबैपक्षसम्वेदनशीलभई आ -आफनाक्षेत्रबाट सहयोगरप्रयत्नगरिनेछ। |
| बालमैत्रीकक्षाकोठा खानेपानीकक्षाव्यवस्थापनल गायतआधारभूत कुराको व्यवस्थानहुनु | विद्यालयलाई बालमैत्रीबनाउन सोकारवालाव्यक्ति, समूह र संस्थालाई उत्प्रेरित गर्ने | बालमैत्रीकक्षाकोठा, शौचालय र फर्निचर व्यवस्थागरिनेछ । |
| गुणस्तर तथा | शैक्षिक गुणस्तर | • विद्यार्थीमूल्याङ्कनलाई |

| समस्या | समाधानको रणनीति | क्रियाकलाप |
|---|---|---|
| सान्र्दभिकतानहुनु | बृदिकालागि सरोकारबालाको अध्यावधिक गर्ने । | पठनपाठनमासुधारकोप्रमुखआधारबनाउनविद्यार्थीलेपरीक्षामाप्राप्तगरेका वास्तविकनतिजालाई विद्यार्थीको व्यक्तिगतअवस्थाविश्लेषण गरी सुधारका उपयुक्तउपायअबलम्बनगर्नेनीतिअवलम्बनगरिनेछ । उत्तरपुस्तिका परीक्षणमा सुधारका लागिप्रशस्त पृष्ठपोषण प्रदान गर्नेछौ ।<br>• विद्यार्थीको परीक्षाफलप्रकाशनमाअनिवार्यरुपमाअभिवावकबोलाई विद्यार्थीको नतिजाविश्लेषण गरी परीक्षण गरिएकाउत्तरपुस्तिकाअभिवावक र विद्यार्थीको जानकारीकालागि एक हप्ताकालागिअभिलेख ( फाईल) गरी पठाइनेछ ।<br>• निरन्तर विद्यार्थी मूल्याङ्कनको उद्देश्य अनुरुपकार्यान्वयनगरिनेछ ।प्रयोगात्मक परीक्षाको अभ्यास एवं् मूल्याङ्कन प्रक्रिया उद्देश्य अनुकुल गर्ने गराइने छ । |
| शैक्षणिक योजनाविना नै शिक्षण कार्य | शैक्षणिक योजनाअनुरुप शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने | • हरेक शिक्षकले योजनावनाई सो अनुरुप शिक्षण गराइनेछ ।<br>• उक्त योजनाकालागि सबै शिक्षकलाई विद्यलयबाट योजना डायरी वितरण गरिनेछ ।<br>योजना डायरीमाबार्षिक शैक्षणिक योजना, एकाई योजना र दैनिक पाठयोजनाबनाइ प्रधानाध्यापकबाट प्रमाणित गराई कार्यान्वयनगरिनेछ ।<br>• शैक्षिक सत्रको सुरुवातमा शैक्षिक सामग्रीनिर्माण सम्वन्धीकार्यशाला सञ्चालन गरी आवश्यक सामग्रीनिर्माण गर्ने छौ । |

## ३.५गुणस्तर एवं सान्दर्भिकता

सबै विद्यालयहरुमा गुणस्तरको न्यूनतम क्षमता हासिल गर्न विद्यालयको भौतिक वातावरणमा सुधार गर्दै शिक्षकहरुलाई “विद्यार्थीलाई पढ्ने शिक्षक नै सम्मानित शिक्षक हुन” भन्ने गाउँपालिकाको शैक्षिक घोषणलाई कार्यान्वयनमा लग्न आवश्यक क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । कक्षाकोठा बालमैत्री नहुँदासम्म बालबालिकाले सहज तरिकाले शिक्षा आर्जन गर्न नसक्ने हुँदा बालमैत्री बनाउनेतर्फ विशेष ध्यान दिइनेछ । विद्यालयलाई सक्षम तुल्याउन सरोकारवाला व्यक्तिहरुको अहम् भूमिका हुने हुँदा स्थानीय तहमा विद्यालय सञ्चालनको जिम्मा दिई गुणस्तर

अभिवृद्धिमा सहयोग पुर्‍याइनेछ । हाल गाँउपालिकामा रहेको शिक्षक विद्यार्थी अनुपात १: १७ रहेको छ । आवश्यता र औचित्यका आधारमा यहाँ उपलब्ध कोटालाई पून : मिलान गरिने छ । आधारभूत कक्षा १-३ मा तीन शिक्षक दरबन्दी र १-५ मा पाँच शिक्षक दरबन्दीका साथै १-८ ९ शिक्षक दरबन्दी कायम गरिनेछ । आधारभूत विद्यालय १-८ को संरचनागत आधारमा तहगत छुट्टै प्रमुखको व्यवस्था गरिनेछ । प्र.अ.को व्यवस्थाको आधारभ'त तहको लागि वि.एड्. योग्यतार तालिम प्राप्त व्यक्ति नियुक्त गरिनेछ । वैकल्पिक शिक्षकको आवश्यकता पूरा गर्न स्थानियस्तरमा प्राप्त स्रोत र सूचनाहरुको समेत प्रयोग गरी स्थानीय निकाय,नागरिक समाज, गैरसरकारी संस्था समेतको सहकार्यमा वैकल्पिक शिक्षा कार्यक्रमको योजना बनाइनेछ ।

## ३.६समस्या, समाधानको रणनीति र क्रियाकलापहरु :

**समस्याहरु -** .विद्यार्थी अनुपातमा समानुपातिक रुपमा शिक्षकको व्यवस्था हुन नसकेकोले केही विद्यालयको कक्षाकोठामा विद्यार्थी उच्च चाप रहेको छ । तालिम प्राप्त शिक्षकहरुबाट तालिममा दिइएका कुराहरु कक्षाकोठामा लागू हुन सकेको छैन । शिक्षकहरु वितरण गर्दा समावेशी रुपमा वितरण हुन सकेको छैन । दिवा खाजा नहुनु पनि समस्याको विषय बनेको छ जसले गर्दा बालबालिकाहरुमा निरन्तरता हुन सकिरहेको छैन ।

## ३.७नीतिनिर्देश

***अधिकार***

निम्नलिखित कुराको सुनिश्चितता गर्नु स्थानीय सरकारकोउत्तरदायित्वहुनेछः।

- ५-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई निःशुल्क र गुणस्तरीय आधारभूतशिक्षा ।
- आधारभूतशिक्षामा समतामूलक सहभागिताको अवसर ।

***गुणस्तर र सान्दर्भिकता***

योजनाको अन्तसम्ममाशिक्षानियमावलीको आधार र मापदण्ड बमोजिम सवै बालबालिकालाइपुग्ने प्रयाप्तकक्षाकोठको व्यवस्थागरिनेछ । हरेक विद्यालयमाबालमैत्रि शिक्षणसिकाइ कियाकलाप सञ्चालनगरिनेछ । विद्यालयलाइआइ सि टी मैत्रीबनाइनेछ । हरेक विद्यालयमाउचित घेरावारको प्रवन्धमिलाइनेछ । विद्यालयलाइ बुक कर्नर ,पुस्तकालय र पत्रपत्रिकाले सुसज्जितगरिनेछ । हरेक विदालयमाविद्युतआपुर्तिको सहजीकरण गरिनेछ ।

# परिच्छेद १०
# शिक्षकको पेशागतविकास

## परिचय

विद्यालय क्षेत्र विकास कार्यक्रमले सवै शिक्षकहरुलाइपाँचवर्षभित्रतालिमदिइ सक्षमताविकास गर्ने भनेको छ । यस गाउँपालिकाका सवै वर्ग र क्षेत्रकाशिक्षकहरुको पेशागतविकास गरिएमा मात्र शैक्षिक गुणस्तर बृदि गर्न सकिन्छ । शिक्षकलाई पेशाप्रतिवफादार बनाइ निरन्तर अध्ययन गर्ने बानीको विकास गर्न र विषयबस्तुमाअध्यावधिकवनाइरहनको लागि पेशागतविकास जरुरी छ ।

## अवसर तथाचुनौती

शिक्षकको पेशागतविकासकालागिविभिन्नअध्ययन सामग्रिको विकास गरिएको छ । समय समयका पेशागतविकास सम्वन्धीगोष्ठी सेमिनार तथा छलफलहरु पनिभएका छन । प्रविधिको प्रयोगमार्फत पेशागतविकासकाविभिन्नअवसरहरु प्रयोग भएको देखिन्छ । भने शिक्षकहरुलाईप्रविधिको प्रयोग गर्न उत्प्रेरित गर्नु , निरन्तर अध्ययन संस्कृतीको विकास गर्नु , आपनो विषयबस्तुमा निपूर्णताबनाउनको लागिअध्यावधिक गराउनु , पेशागतविकासकालागितयार हुनु प्रमुखचुनौती रहेका छन् ।

## सौँच

गुणस्तरीय शिक्षाकालागि पेसागतविकास

## लक्ष्य :

शिक्षकहरुको सक्षमताविकासकालागिविभिन्नअवसर प्रदान गरी राम्रो शिक्षकको विकास गर्ने ।

## उद्देश्य :

१ शिक्षकको पेशागतविकासकालागि निरन्तर सिकाइतथाअध्ययनको अवसर प्रदान गर्ने ।

२ शिक्षकतालिम सम्वन्धीविभिन्नगोष्ठि सेमिनार , सम्मेलन आयोजना र कार्यान्वयन गर्ने ।

३ शिक्षकविकासको अनुगमनमूल्यांकन गर्ने ।

## रणनीति तथाकार्यनीति

| क्र.सं | कार्यनीति | रणनीति |
|---|---|---|
| १ | १ शिक्षकको पेशागतविकासकालागि निरन्तर सिकाइतथाअध्ययनको अवसर प्रदान गन | १ सिकाई उपलब्धि बढोत्तरीकालागिशिक्षकहरुको सक्षमता बढाउन विषयवस्तुमा निपूर्णता, शिक्षण कौशल, बालवालिकाको ज्ञान, स्पष्ट सञ्चार, शिक्षकले निरन्तर रुपमा पढ्ने र पेशागतविकास गर्ने, वि. व्य. स. ले बनाएको आचार संहितापालना गर्ने, शिक्षणमा विभिन्नप्रविधिको प्रयोग गरेर विविधभिन्नताभएकासिकारुकासिकाई आवश्यकता पुरा गर्न शिक्षकहरुलाइ समय समयमाअध्यावधिकगरिनेछ ॥ |
| २ | शिक्षकको क्षमताविकास गर्ने | १ शिक्षकहरुको लागि शैक्षणिक योजनानिर्माण , विद्यालय सुधार योजना , सरल र सहजतरिकाले विषयबस्तुको शिक्षण कौशल , कक्षाकोठा व्यवस्थापन , शिक्षा सम्वन्धी ऐन नियमहरुको जानकारी सम्वनधीतालिमगोष्ठि तथा सेमिनारको आयोजनागरिनेछ ।<br>२ शिक्षकको पेशागतविकास सम्वन्धीविभिन्न सन्दर्भ सामग्रि र भर्चुअलतालिमको व्यवस्थागरिनेछ । |
| ३ | शिक्षकविकासको अनुगमनमूल्यांकन गर्ने । | १ शिक्षकविकासकालागिगरिएको तालिमको तालिमकार्यान्वयनको , तालिमपश्चातशिक्षकको व्यवहार परिवर्तनको अनुगमनमूल्यांकनको संयन्त्रबनाइ निरन्तर पृष्टपोषण र निगरानीगरिनेछ । |

## अपेक्षितउपलब्धी :

योजनाको अन्त्यसम्ममाशतप्रतिशतशिक्षकहरुको सवै प्रकारको क्षमताविकास गरिनेछ । शिक्षकहरुलाइविषयबस्तुप्रति निपूर्ण बनाइनेछ । शिक्षकको शिक्षण कार्यको निरन्तर प्राविधिक सहायताप्रदानगरिनेछ । शिक्षकको शिक्षण कार्यमाप्रविधिको प्रयोगमा जोड दिनकालागिICT तालिमप्रदानगरिनेछ ।

## ११ विपद व्यवस्थापन

परिचय

नेपालमा महाभुकम्पको कारणले लामो समय सम्म बालबालिका प्रभावित भएका थिए र जसका कारण ठुलो मनोसामाजिक असर समेत पारेको थियो। साथै कोभिड १९ का कारणले पनि विश्व आक्रान्त भएको अवस्थामा धेरै क्षेत्र प्रभावित भए जस मध्य शिक्षा क्षेत्र पनि अछुतो रहन सकेन र लामो समय सम्म शिक्षा प्रभावित भयो र शैक्षिक क्रियाकलापहरु बन्द भए जसले शैक्षिक जगतलाई नै अपुरणिय क्षति पुऱ्याएको छ र आउने दिनमापनिविपद्, महामारी र अन्य जोखीमहरु नआउलान भन्न सकिन्न। मनिन्छ विपद कहिल्यै पनि बाजा बजाएर आउंदैन । त्यसकारण पनिहामीले विगतबाट सिकेको पाठबाट आउने दिनका समस्याहरुलाई समाधान गर्न शिक्षाआपतकालीन योजनाको आवश्यकता रहेको छ।

शिक्षा मानविय सहयोगको निम्ति पहिलो महत्वपुर्ण विषय हो भन्ने कुरा सर्वविधितै छ। विकासका लागि शिक्षा आवश्यक छ। शिक्षा प्रत्येक व्यक्तिको अधिकार हो। नेपालको वर्तमान संविधान २०७२ ले शिक्षालाई मौलिक अधिकारका रूपमा अंगिकार गरेको छ।

आपतकालीन अवस्था र संकटको समयमा शिक्षा नाजुक हुन्छ। जव विद्यार्थी र शिक्षकहरू शिक्षण– सिकाइबाट बञ्चित हुन्छन् तव तिनीहरूको राम्रो भविष्यको आसा पनि सकिन्न । आपतकालीन अवस्थाको शिक्षाले शारीरिक, मनोसामाजिक र बौद्धिक सुरक्षा प्रदान गर्छ, जस्ले गर्दा जीवन बचाउन र जीवन यापन गर्नमा मद्दत पुग्दछ। शिक्षा एउटा निरन्तर चल्ने प्रक्रिया हो जो बिपद्का बेला पनि अवरुद्ध हुनुहुन्न। यहि शिक्षाको माध्यमबाट नै दिगो विकास र शान्तिको परिकल्पना गर्न सकिन्छ।

### १ बैकल्पिक सिकाइका माध्यममा पहुँच

विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम स्थानीय तहका विद्यालयहरुमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको कक्षागत रुपमा प्रविधीमा पहुचको हिसावले बिद्यार्थीहरुको बर्गीकरण तपसिल अनुसार रहेको छ।

| कक्षा | विद्यार्थीको समुह | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | सबै किसिमका प्रविधिको पहुँच भन्दा बाहिर रहेका विद्यार्थी समुह | रेडियो, एफएम रेडियोमा पहुँच भएका विद्यार्थी समूह | टेलिभिजनमा पहुँच भएका विद्यार्थी समूह | कम्प्युटर भएको तर अनलाइन कनेक्टिभिटि नभएका विद्यार्थी समूह | इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँच भएका विद्यार्थी समूह | जम्मा | |
| बालविकास | 815 | 298 | 332 | 45 | 40 | 1530 | |
| १. | 491 | 189 | 242 | 27 | 41 | 990 | |
| २. | 402 | 153 | 303 | 33 | 61 | 952 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | 390 | 157 | 224 | 30 | 65 | 866 | |
| ४. | 401 | 188 | 286 | 43 | 78 | 996 | |
| ५. | 391 | 199 | 252 | 28 | 55 | 925 | |
| ६. | 334 | 183 | 249 | 31 | 75 | 872 | |
| ७. | 272 | 185 | 275 | 71 | 70 | 873 | |
| ८. | 299 | 156 | 276 | 68 | 79 | 878 | |
| ९. | 166 | 88 | 203 | 26 | 107 | 590 | |
| १०. | 150 | 83 | 194 | 34 | 127 | 588 | |
| ११ | 28 | 27 | 131 | 34 | 147 | 367 | |
| १२ | 16 | 59 | 161 | 54 | 116 | 406 | |
| छात्रा | 2240 | 1050 | 1576 | 200 | 470 | 5536 | |
| छात्र | 1915 | 915 | 1552 | 324 | 591 | 5297 | |
| जम्मा | 4155 | 1965 | 3128 | 524 | 1061 | 10833 | |
| अपाङ्गता भएका | 5 | 2 | 3 | 3 | 2 | 15 | |

# २. योजनाको उद्धेश्यहरु र रणनीतिहरु

## २.१. उद्देश्यहरु

१. गाँउपालिका भित्र प्रकोप तथा विपद्का कारण हुन सक्ने शैक्षिक जोखिमहरुलाई न्यूनीकरण गर्ने ।

२. बिद्यालयहरुमा विपद् ब्यवस्थापन सुनुश्चित गरी सुरक्षित सिकाइको वातावरण सिर्जना गर्ने ।

३. आपतकालिन अवस्थामा सिकाइलाई निरन्तरता दिनका लागि आवश्यक पूर्व तयारी र प्रभावकारी प्रतिकार्यकालागि तयार रहने ।

४. आपतकालिन अवस्थामा सिकाइका बैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिनका लागि तयार रहने ।

## २.२. रणनीतिहरु

१. प्रत्येक वर्ष सरोकारवालाहरुबाट गाँउपालिका भित्रका जोखीमहरुको पहिचान तथा जोखिम क्षेत्रको नक्सांकन

गर्ने ।

२. जोखिमको अवस्था पहिचानगरी जोखिमको रोकथामको निमित्त सचेतनाका कार्यक्रम संचानलन गर्ने ।

३. जोखिमबाट भएको क्षतिको आँकलन गर्ने ।

४. भएको जोखिम न्यूनिकरण कार्यको लागी प्रतिकार्य योजना बनाउने ।

५.विपद्को अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाईक्रियाकलाप अगाडी बढाईनेछ ।

६.विपद् व्यवस्थापनका लागि प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गरिने छ ।

७.प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।

८.प्रत्येक विद्यालयमा आपतकालीन कोषको निर्माण गरिने छ ।

९.जनशक्ति व्यवस्थापन तालिम,गोष्ठीको व्यवस्था गरिने छ ।

१०.उद्धार र राहत व्यवस्थापनका लागि आवश्यक काम गरिने छ ।

११.शैक्षिक क्षतिको मुल्यांकन गरिने छ ।

१२.E-Learning सिकाईमा पहुँच हुनेछ ।

### क. लेखाजोखा : क्षतिको बिस्तृत विवरण संकलन र विश्लेषण

गाँउ शिक्षा समितिको तत्काल बैठक बस्ने ।सामुदायिक अध्ययन केन्द्र, प्र.अ, बालक्लब, विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा अन्य सरोकारवालाहरुलाई तथ्यांक संकलनको लागि परिचालन गरि प्राप्त तथ्यांकको विवरण संकलन र विश्लेषण गर्ने ।

### ख. परामर्श:

शिक्षा युवा तथा खेलकुद शाखाले, स्थानिय जनप्रतिनिधि, कार्यपालिकासदस्यहरु,गाँउ शिक्षा समिति, सम्बन्धित क्षेत्रमा कार्यरत सरकारी तथा ग्रैह सरकारी संघसंस्थाहरु र प्रभावित बिद्यालय ब्यवस्थापन समिति तथा समुदाय विच निरन्तर समन्वय, छलफल तथा परामर्श गर्ने ।

### ग. रणनीति संयोजना:

विपद जोखिम न्यूनिकरण रणनीति तयार गर्नका लागि नियमित रुपमा बिद्यालयसँग सहकार्य गरी बिद्यालय सुधार योजनामै विपद् सुरक्षा सम्बन्धी योजना समावेश गराउने साथै अन्य तयारीका लागी बिभिन्न शिक्षा सरकोकारवाला संघ संस्थाहरुसँग संयोजन गर्ने ।

### घ. प्रतिकार्य:

- विपद् परेको पहिलो हप्ताभित्र शिक्षा सम्बन्धी सुविधा र शिक्षामा संलग्न व्यक्तिहरूका बारेमा द्रुत लेखाजोखा (Rapid Assessment) सञ्चालन गर्ने ।
- प्रभावित समुदायहरूसँगको परामर्शमा प्रभावितआन्तरिक रूपमा विस्थापित बालबालिकाहरूको / शिक्षालाई जारी राख्नकालागि तिनका निमित्त अस्थायी रूपमा सिक्ने ठाउँ पत्ता लगाउने ।
- विद्यालयहरू पुनखुला तथा संचालन गराएर र शिक्षण :–सिकाइका सामग्री उपलब्ध गराएर र अर्ध–संरचनागत (Semi-structured) मनोरञ्जनका सामग्रीको व्यवस्था मिलाएर पढाइ जारी राख्ने र शिक्षक तथा विद्यार्थीहरूको पुनएकी :करण प्रारम्भ गर्ने ।
- विद्यालयबाहिर रहेका बालबालिकाहरू अस्थायी रूपमा खडा गरिएका सिक्ने ठाउँमा भर्ना गरिएका छन् अथवा तिनको शिक्षाका लागि वैकल्पिक व्यवस्था गरिएको छ भन्ने कुरा सुनिश्चित गर्ने ।

### २.३योजना निर्माणको प्रकृया:

यस गाँउपालिकाको विद्यालयविपद् जोखिमन्यूनीकरण र प्रतिकार्य योजना निर्माणमा गाँउपालिकाको गाँउ शिक्षा समितिको सहभागितामा प्रकृयागत ढंगबाट योजना निर्माण भएको छ । यस योजना निर्माणको लागि कालिका स्वावलम्बन सामाजिक केन्द्रको प्राविधिक सहयोगमा गाँउपालिका अन्र्तगतका सम्पुर्ण बिद्यालयहरुको प्रतिकार्य योजना निर्माण गरिएको थियो । कार्यपालिकासँगको अन्तरक्रियात्मक छलफल पश्चात योजना निर्माणका लागी कार्यदल तयार गरी कालिकाको प्राविधिक सहयोगमा मस्यौदा तयार पारी गाँउ शिक्षा समितिमा पेश गरियो र गाँउ शिक्षा समितिबाट आएको सुझाबलाई समेट्दै यस प्रतिकार्य योजनालाई अन्तिम रुप दिदै पारित भई यस योजना कार्यपालिकामा पेश गरिएको हो । कार्यपालिका मार्फत यस विद्यालय विपद् जोखिमन्यूनीकरण र प्रतिकार्य योजना स्विकृत गरी यसलाई कार्यन्वयनमा ल्याईएको हुनेछ । गाँउपालिकाको समग्र जोखिम विश्लेषण र बिद्यालयले तयार गरेको बिद्यालय प्रतिकार्य योजनाको आधारमा तयार पारिएको यस योजना रोहिणी गाँउपालिकामा विपद् प्रतिकार्य पुर्वतयारी गर्न र विपदमा पनि शिक्षालाई निरन्तरता दिने उद्देश्यले निर्माण भएको हो ।

## ३. जोखिम विश्लेषण र जोखिम न्यूनीकरण योजना

वातारणमा कुन बेला के हुन्छ, भन्ने कुरा कसैलाई थाहा छैन । विगतमा बिभिन्न समयमा हाम्रो देशले बिभिन्न आपतकालीन समस्याहरु भोग्दै आईरहेको छ । जस्को प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षा क्षेत्रमा परिरहेको छ । विशेष गरी बि.सं. १९९० को महाभुकम्प त्यस्तै २०७२ सालको महाभुकम्प र २०७६ सालमा देखापरेको कोभिड १९ ले बिशेष गरी शिक्षा क्षेत्रमा ठुलो असर पारेको छ । यी बिभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै शिक्षा क्षेत्रलाई सुरक्षित शिक्षण सिकाई गर्नका लागि रोहिणी गाउँपालिकाले आपतकालीन तथा संकटपुर्ण

जोखिमबाट जोगिने र शिक्षालाई निरन्तरता दिने  वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकास गर्ने गरी विद्यालय विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य योजना बनाएको छ।

यस गाँउपालिकाको सिमाना पूर्वमा नवलपरासि पश्चिम जिल्ला, उत्तरमा ओमसतिया गाँउपालिका, पश्चिममा सिद्धार्थनगर नगरपालिका र दक्षिणमा उत्तर प्रदेश भारत रहेको छ। यहाँको भू–वनोट समथर मैदानी छ। यस गाँउपालिकाको पश्चिममा रोहिणी नदि रहेको छ। यहाँको मुख्य खोलाहरु बघला खोला, महाउ खोला र तुरिया खोला, मुख्य पोखरीहरु श्रीरामपुर मन्दिर पोखरी र बगहा पोखरी रहेको छ। यस बाहेक यहाँ अन्य साना खोल्साहरु रहेका छन्। यहाँ बहु जाती बहु भाषिय बहु धार्मिक बहु साँकृतिक समुदयहरुको बसोबास रहेको छ।

यहाँ समय अनुसार  बिभिन्न प्रकोपहरु आइ मानबिय तथा भौतिक क्षती पुर्याएको पाइन्छ जस्तै भुकम्प, बाढी, हावाहुरी, कोभीड १९ डुवान, सडक दुर्घटना, लु वा गर्मि, शितलहर, आगलागी आदी।

### ३.१गाँउपालिकाको विपद जोखिम विश्लेषण

| क्रस | प्रकोप | विपद्ले निम्त्याउने जोखिम | विपद पछिको असरहरु |
|---|---|---|---|
| १ | बाढि /डुबान | • धनजनको क्षति<br>• पारिवारिक विछोड<br>• मनोसामाजिक असर<br>• घाउ चोटपटक घाइते हुने<br>• बेपत्ता<br>• मृत्यु<br>• मानव बेचबिखन<br>• दर्व्यवसनी सिकार<br>• बालबालिकाहरु बाल विवाह र बाल, श्रम जस्ता संरक्षणको जोखिम | • विद्यार्थिहरु विस्थापित भई विद्यालय जानवाट वञ्चित हुने।<br>• विद्यालय भवन नष्ट हुने र बिद्यार्थी शिक्षकहरु समेत विस्थापित हुने।<br>• बिद्यालय र बालबालिकाको पाठ्य पुस्तक र स्टेशनरी आदिको नष्ट हुने।<br>• विद्यालयको महत्वपुर्ण कागजातहरु नष्ट हुने।<br>• निराशा, तनावमा हुने र डराउने स्थितीको सिर्जना<br>• एकाग्रता नहुने<br>• सिकाइ उपलब्धिमा नकारात्मक असर हुने।<br>• बालबालिकाहरु बाल विवाह तथा बाल श्रमको जोखिम बढ्ने। |
| २ | सर्प दंश | | |
| ३ | हावाहुरी | | |
| ४ | असुरक्षित बाटाघाटो/ उच्च सवारी साधनको चाप | | |
| ५ | बिद्युतिय लाइन | | |
| ६ | जिर्ण भौतिक संरचना | | |
| ७ | आगलागी | | |
| ८ | महामारी | | |
| ९ | लु वा गर्मि | | |
| १० | भुकम्प | | |
| ११ | शितलहर | | |
| १२ | सडक दुर्घटना | | |
| १३ | चट्याङ | | |
| १४ | करेन्ट | | |
| १५. | विषालु जनावरको टोकाइ | | |

### ३.२ विगतमा भएका प्रमुख विपद र त्यसले पारेको प्रभाव

विगतमा यस गाँउपालिकाको विद्यालयलाई तल उल्लेखित प्रकोपले के कस्तो असर गर्‍यो, विद्यार्थीको सिकाईमा के कस्तो क्षति भयो भन्ने वारेमा साथै पालिकाले के कस्तो सहयोग उपलब्ध गरायो भन्ने वारेमा उल्लेख गरिएको छ।

| प्रकोप | विद्यालय र सिकाईमा परेको क्षति | पालिकाले गरेका सहयोगहरु | पालिकाले गर्न नसकेका कार्यहरु |
|---|---|---|---|
| कोभिड १९ | २०७७-२०७८ सालमा मानविय क्षति तथा विद्यालय लामो समय सम्म बन्द भएको | टोल शिक्षा कक्षा संचालन | सुरक्षित मापदण्डका आधारमा बालबालिकाको पढाइ प्रति संवेदनशिल नभएको |
| बाढी/ डुबान | २०७६ सालमा बाढिले गर्दा बालबालिकालाई विद्यालय आवतजावतमा कठिनाई, कम्प्यूटर, कार्पेट, फर्निचर अभिलेखहरु ध्वस्त भएको | क्षतिको तथ्याङ्क संकलन र क्षतिको आधारमा सहयोग | विपद् प्रतिकार्य योजना बनाई कार्यन्वयन गर्न नसकेको |
| भूकम्प | २०७२ सालमा विद्यालयको भवन क्षति भएको | | |
| हवाहुरी | २०७३ सालमा विद्यालयको भवन क्षति भएको | | |
| सडक दुर्घटना | यस गाँउपालिका केहि विद्यालयहरु भैरहवा परासी हाइवेमा पर्ने, केहि विद्यालयहरु बाटोको नजिक भएको हुनाले विद्यार्थीहरु विद्यालय आवतजावत गर्दा दुर्घटना हुन सक्ने | | |
| आगलागी | यस गाँउपालिका विद्यालयहरुमा अव्यवस्थित विजुलीको तारले गर्दा आगलागी भई क्षति हुन सक्ने | | |
| | | | |

## ३.३ प्रकोपको पहिचान र प्राथमिकरण

गाउँपालिकाभित्र रहेका प्रकोपहरु के के हुन पहिचान गर्ने र प्राथमिकरण गर्ने । प्राथमिकरण गर्दा जोडी तुलना विधिलाई प्रयोग गर्न सकिन्छ र मतदान विधि पनि प्रयोग गर्न सकिन्छ । जोडी तुलना गर्दा कुन प्रकोपले विद्यालय क्षेत्रलाई बढी क्षति पुरयाएको छ भन्ने विषयलाई आधार लिने जोडी तुलनाविधिको नमुना तल दिइएको छ ।

| प्रकोप | भुकम्प | महामारी | सडक दुर्घटना | बढी/ डुबान | करेन्ट | हवाहुरी | आगलागी | लु/गर्मि | शीतलहर |
|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | X | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प |
| महामारी | X | X | महामारी | महामारी | महामारी | महामारी | महामारी | महामारी | महामारी |
| सडक दुर्घटना | X | X | X | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| बढी/डुबाल | X | X | X | X | बढी | बढी | बढी | बढी | बढी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| करेन्ट | X | X | X | X | X | करेन्ट | करेन्ट | करेन्ट | करेन्ट |
| हवाहुरी | X | X | X | X | X | X | आगलागी | लु/गर्मि | शीतलहर |
| आगलागी | X | X | X | X | X | X | X | आगलागी | आगलागी |
| लु/गर्मि | X | X | X | X | X | X | X | X | शीतलहर |
| शीतलहर | X | X | X | X | X | X | X | X | X |
| स्तर | ८ | ७ | ६ | ५ | ४ | ० | ३ | १ | २ |

यस गाँउपालिकामा संभावित प्रकोपहरुको प्राथमिकिकरण तथा जोडि तुलना गर्दा सबै भन्दा बढि भुकम्प त्यसपछि महामारी र तेस्रोमा सडक दुर्घटना रहेको र सब भन्दा कम हावाहुरीले क्षति पुर्यउन देखिन्छ।

### ३.४ प्रकोप पात्रो

गाउं तथा गाँउपालिकामा कुन महिनामा कुन प्रकोपका घटनाहरु हुने गर्दछ भनी प्रकोप पात्रो तयार गर्ने।
प्रकोपपात्रोको नमुना तल दिइएको छ।

| प्रकोप र महिना | बैशाख | जेष्ठ | असार | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | |
| सडक दुर्घटना | | | | | | | | | | | | |
| करेन्ट | | | | | | | | | | | | |
| बढी | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| लु/गर्मि | | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | | |

## ३.५ जोखिम नक्शांकन

### गाँउपालयिकाको नक्शा:




### संरचनागत जोखिमहरु:

| क्रस. | जोखिमका तत्वहरु | कैफियत |
|---|---|---|
| १. | विद्यालयको भवन नै भूकम्पबाट असुरक्षित | २६ वटा विद्यालय |
| २. | विद्यालयको छाना हवाहुरीबाट असुरक्षित | २६ वटा विद्यालय |
| ३. | ट्रस भएको भवनमा पानी चुहिने | ५ वटा विद्यालय |
| ४. | अपांग मैत्री भवन, शौचालय, खानेपानी, फर्निचर | ५ वटा विद्यालय |
| ५. | विद्यालयको भवनमा तथा पर्खाल बाढिबाट असुरक्षित | २ वटा विद्यालय |
| ६. | विद्यालयको भवन तथा सामाग्रीहरु आगलागीबाट असुरक्षित | ५ वटा विद्यालय |
| ७. | विद्यालय भवनमा झ्याल नभएको | २ वटा विद्यालय |
| ८. | शौचालय भुकम्पबाट असुरक्षित | ५ वटा विद्यालय |
| ९. | बाढिले विद्यालयको कागजात डुबान (नदिको किनारमा विद्यालय) | नवाजिवन आ.वि., जनचेतना आ.वि., भविष्य उज्वल आवि |
| १०. | विद्यालय भवन माथि रेलिङ्ग नभएको | बगहा मा.वि. |

### गैर संरचनागत जोखिमहरु:

| क्रस. | जोखिमका तत्वहरु | कैफियत |
|---|---|---|
| १. | अव्यवस्थित तारका कारण विजुली सट भै आगलागी हुन सक्ने | २३ वटा विद्यालय |
| २. | अपांग भएका बालबालिकाहरुको लागि र्‍याम्पको कमी | २३ वटा विद्यालय |
| ३. | विद्यालयको अगाडी वा विद्यालय परिसमा रहेको खाल्डाखुल्डी | |
| ४. | ट्राफिक नियम सम्बन्धि ज्ञानको कमि | छिपागढ मा.वि. |
| ५. | बाढिमा परी दुर्घटना हुने सम्भावना | छिपागढ मा.वि., जन जागृति आ.वि., त्रिवेणी आ.वि. |
| ६. | जाडोमा चिसोले बस्न समस्या भएको | बोदवार मा.वि., पोखरभिन्डी मा.वि. |
| ७. | सर्प दंश | बोदवार मा.वि., पोखरभिन्डी मा.वि. |
| ८. | विद्यालयको प्राङ्गणमा पोखरी रहेको | नवजीवन आ.वि., मदरसा रियाजुल नुरुल उलूम-३, मदरास अरविया अहले सुन्नत फैजुल उलूम-२ |
| ९. | अधुरो पर्खाल | नवजीवन आ.वि.,मदरसा रियाजुल नुरुल उलूम-३ |
| १०. | भविष्य उज्जवल आ.वि. को गेट अगाडी सेमरहवा खैरहनी सडक रहेकोले दर्घटना हुने सम्भवना | भविष्य उज्जवल आ.वि., मदरसा रियाजुल नुरुल उलूम-३ |
| ११. | विद्यालय प्राङ्गण खुल्ला | जन जागृति आ.वि. |
| १२. | विपद् आउनु अघि पूर्व सूचना प्रविधि नहुनु | |
| १३. | नया भवन अगाडी पोखरी | मदरसा कदेरिया अहले सुन्नत मिस्बाहुल उलूम |
| १४. | खानेपानिको धारामा लेउबाट असुरक्षित | बगहा मा.वि. |
| १५ | विपद् आउनु अघि पूर्व सूचना प्रविधि नहुनु | |

### बाल संरक्षण, लैगिक समानता र सामाजिक समावेशीकरण र विद्यालयशान्ती क्षेत्र सम्वन्धि जोखिमहरु:

| क्रस. | जोखिमका तत्वहरु | कैफियत |
|---|---|---|
| १. | बालवालिकालाई भौतिक दण्ड दिने व्यवस्थाअझै रहेको | २६ वटा विद्यालय |
| २. | विद्यार्थीलाई खिसिटिउरी गर्ने, अपहेलना, हिंसा, आदि | २६ वटा विद्यालय |
| ३. | राजनैतिकदलको कारणले कहिले काही बिद्यालय बन्द हुने | २२ वटा विद्यालय |
| ४. | समाजमा जाति, सम्प्रदायिक विभेद | २० वटा विद्यालय |
| ५. | छोराछोरी प्रति आमाबाबुको असमान व्यवहार | १२ वटा विद्यालय |
| ६. | स-साना बालबालिकाहरुलाई घरायसी काममा प्रयोग | १२ वटा विद्यालय |
| ७. | विद्यालयमा शिक्षकहरुमा समाबेशिताको आधरमा शिक्षक नियुक्ति | १ |

| | | |
|---|---|---|
| ८. | विद्यालयमा कुनै प्रकारको राजनैतिक क्रियाकलापमा प्रभाव नपारी स्वतन्त्र रुपमा निरन्तर पठनपाठन हुनुपर्ने। | १ |
| ९. | विद्यालयको अगाडी नाला भएको | त्रिवेणी आ.वि. |
| १०. | लैंगिक हिंसाको घटनाहरु | |
| ११. | समुदाय समावेशिकरण हुन नसक्नु | |
| | | |

## ४.१ विद्यालयमा विपद् जोखिम न्यूनीकरण योजना

जोखिम न्यूनीकरणका कार्यहरु (संरचनागत, गैर संरचनागत, बाल संरक्षण, लैगिक र विद्यालयशान्ती सुरक्षा) यी उदाहरण मात्रहुन् साथै संरचनागत, गैर संरचनागत, बाल संरक्षण, लैगिक सवाल र विद्यालयशान्ती सुरक्षा सम्वन्धि छुट्टा छुट्टै योजना बनाउन सकिन्छ।

| क्रस. | जोखिम | जोखिम न्यूनीकरणका क्रियाकलापहरु | कसले गर्ने | कहिले गर्ने | सहयोगी निकाय | अनुमानित रकम |
|---|---|---|---|---|---|---|
| १. | विद्यालयमा प्राथमिक उपचारका सामग्री सहित बक्स नहुनु | विद्यालयमा प्राथमिक उपचारका सामग्री सहित बक्स सहयोग | विद्यालय, गा.पा. | निरन्तर | नेपाल सरकार | १५०००० |
| २. | सडक दुर्घटना | चेतनामूलक शिक्षा प्रदान, सडक नाटक द्धारा | विद्यालय, गा.पा. | निरन्तर | नेपाल सरकार | १००००० |
| ३. | सर्पदंश | विद्यालय हता भित्र सरसफाई अभियान संचालन गर्न सचेतना | विद्यालय | निरन्तर | गा.पा. | ५०००० |
| ४. | आगलागी | जनचेतना | विद्यालय | माघ | गा.पा. | |
| ५. | महामारी | सरसफाई अभियान | विद्यालय | निरन्तर | गा.पा. | |
| ६. | हवाहुरी | जनचेतना/झ्याल मर्मत | विद्यालय | फाल्गुन | गा.पा. | १००००० |
| ७. | बाढि, डुबान | तटबन्ध निर्माण, जनचेतना | विद्यालय | जेष्ठ | नेपाल सरकार/ गापा | |
| ८. | शितलहर | जनचेतना/ स्वस्थ्य सुरक्षा/ न्यानो कपडा | अभिभावक/ विद्यालय | निरन्तर | गा.पा. | |
| ९. | विद्यालय भवन नै भुकम्पबाट असुरक्षित | भुकम्प रहित भवन निर्माण | विद्यालय | निरन्तर | नेपाल सरकार/ गापा | २००००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | अपांगता भएका व्यक्तिहरुको लागि विद्यालयमा रयाम्पको कमि | अपांग मैत्री भौतिक संरचनाको निर्माण | विद्यालय, गा.पा. | निरन्तर | नेपाल सरकार | ५००००० |
| ११. | अपांग मैत्री भवन, शौचालयर खानेपानीको अभाव | अपांग मैत्री भौतिक संरचनाको निर्माण | विद्यालय, गा.पा. | निरन्तर | नेपाल सरकार | १०००००० |
| १२. | बालमैत्री भवन, फर्निचर, शौचालय, खानेपानीको अभाव | बाल मैत्री भौतिक संरचनाको निर्माण | विद्यालय, गा.पा. | निरन्तर | नेपाल सरकार | ५०००००० |
| १३. | छोरा छोरी प्रति आमाबाबुको व्यवहार, लैंगिक विभेद | जनचेतना/ सडक नाटक | विद्यालय, अभिभावक | निरन्तर | नेपाल सरकार | ५०००० |
| १४. | समाजमा जाति, सामप्रदायिक विभेद | जनचेतना | विद्यालय, गा.पा., अभिभावक | निरन्तर | नेपाल सरकार | ५०००० |
| १५. | विद्यालयमा बाह्यय व्यक्तिहरुको हस्तक्षेप तथा राजनितिकरण | जनचेतना | विद्यालय, विव्यस | निरन्तर | वडाकार्यलय | ५०००० |
| १६. | बिषालु जनावरको टोकाइ | जनावरबाट टाढा रहन सिकाउने/ तारबार/ सरसफाई | विद्यालय, अभिभावक, शिक्षक, विद्यार्थी | निरन्तर | गा.पा. | ५००००० |
| १७. | छात्र र छात्राको लागि छुट्टै शौचालय अभाव | निर्माण | विद्यालय, गा.पा. | निरन्तर | नेपाल सरकार | ५०००००० |
| १८. | बाउन्ड्रि वाल | निर्माण | विद्यालय, गा.पा. | निरन्तर | नेपाल सरकार | २५०००००० |
| १९. | कोभिड १९ | साबुन पानीले हात धुने तरिका बताउने र सचेतिकरण गराउने | गा.पा., वडा/ विद्यालय | निरन्तर | नेपाल सरकार | २००००० |
| २०. | बाल अधिकार | जनचेतना/ बाल क्लब सक्रियता | विद्यालय, गा.पा. | निरन्तर | नेपाल सरकार | १००००० |
| २१. | २ कोठे ढलान गरिएको भवन पानी चुहिने | मर्मत | विद्यालय, गा.पा. | चैत्र | नेपाल सरकार | २५०००००० |
| २२. | विद्युतिय जोखिम | उपयुक्त तरिकाले व्यवस्थापन | वि.व्य.स., विद्यालय | निरन्तर | गा.पा. | २००००० |
| | जम्म | | | | | ३८०५०००० |

## ४.२ शैक्षिक प्रतिकार्य योजना

### ४.२.१. विपद्को अनुमानित परिदृश्य

गाँउपलिकामा हुन सक्ने प्रकोपहरु प्राथमिकताक्रमअनुसारत्यसले शिक्षा क्षेत्र, विद्यालयर विद्यार्थीको सिकाईउपलब्धीमा पर्न सक्ने प्रभावको वारेमा उल्लेख गर्ने । भविष्यमाप्रकोपको घटनाका कारण यस्तो अवस्थाआउन सक्छ भनी एउटा अनुमानित परिदृश्य तयार गर्ने रप्रकोप गाँउपालिकामाप्रकोपको कारण हुन सक्ने अनुमानित परिदृश्य र विद्यालयमा र सिकाई उपलव्धीमा पर्न सक्ने क्षति र विपद् पछिका असरहरु पर्न सक्छ ।

| प्रकोप | पालिकामाप्रकोपको कारण हुन सक्ने अनुमानित परिदृश्य र विद्यालयमा र सिकाई उपलव्धीमा पर्न सक्ने क्षति | विपद् पछिका असरहरु |
|---|---|---|
| भुकम्प | विद्यालयको भवनमा क्षति भई विद्यार्थीको ज्यान जोखिम तथा पठनपाठनमा प्रभाव | • बिद्यालय छोडने दर बढेको<br>• सिकाइ उपलब्धीमा कमी |
| कोभिड १९ | सत प्रतिशत बिद्यालयहरु सबै बिद्यार्थीहरु प्रभावित | सिकाइमा क्षती |
| माहामारी. | सत प्रतिशत बिद्यालयहरु सबै बिद्यार्थीहरु प्रभावित | सिकाइमा क्षती |
| सडक दुर्घटना | असुरक्षित बाटोको कारण बालबालिकाहरु विद्यालय आवतजावत गर्दा सडक दुर्घटना पठनपाठनमा प्रभाव | सिकाइमा क्षती |
| बढी | बाढिले गर्दा विद्यालय आवतजावतमा जोखिम | सिकाइमा क्षती |
| करेन्ट | अव्यवस्थित विजुलीका तारले गर्दा करेन्ट लागि विद्यार्थीको ज्यान जोखिम | सिकाइमा क्षती |
| हवाहुरी | ट्रसको भवना भएका विद्यालयहरुमा हवाहुरीको कारण भवनको छत उडाउन सक्ने जसको कारण बालबालिका विद्यालयमा आवतजावत गर्न कठिनाई | सिकाइमा क्षती |
| आगलागी | आगलागीले गर्दा विद्यालयमा क्षति भई पाठनपाठन अवरुद्ध हुन सक्ने | सिकाइमा क्षती |
| लु/गर्मि | यसले गर्दा बालबालिका विद्यालयमा आवतजावत गर्न कठिनाई | सिकाइमा क्षती |
| शीतलहर | यसले गर्दा विद्यालय बन्द हुन सक्ने र बालबालिका विद्यालयमा आवतजावत गर्न कठिनाई | सिकाइमा क्षती |

### ४.२.२. विद्यार्थीको सिकाइ निरन्तरताकालागि प्रतिकार्य योजना

माथिका२.२ शिर्षकमाउल्लेखीत समुहमाबर्गिकरण भएकाविद्यार्थीहरुलाई कोभिड १९ र अन्यप्रकोपबाट विद्यार्थीको सिकाइ अवरुद्ध भएको बेलामासिकाइलाई निरन्तरतादिन स्थानीय परिस्थिति, अवस्था, स्रोतसाधनलाई मध्येनजर गरेर कस्ता कस्ता क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

| क्र.सं. | विद्यार्थीको समूह | शिक्षण सिकाइक्रियाकलाप | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | सबै किसिमकाप्रविधिको पहुँचभन्दाबाहिर रहेका विद्यार्थी समूह | • सबै विद्यार्थीहरुको अभिलेखीकरण गरी पाठ्यपुस्तकउपलब्ध गराउनपालिकाले सहयोग गर्ने।<br>• सरोकारवालानिकायबाट प्राप्त स्वअध्यन सामाग्रीहरु सवै विद्यार्थी उपलब्ध गराउने।<br>• अभिभावक शिक्षा सन्चालन गर्ने।<br>• टोल शिक्षा कक्षा सन्चालन। | |
| २ | रेडियो, एफएम रेडियोमा पहुँचभएकाविद्यार्थी समूह | एफ एम रेडियोबाट कक्षा संचलन गर्ने र विपन्न परिवारका बालबालिकाहरुलाई रेडियो वितरण गर्ने। | |
| ३ | टेलिभिजनमा पहुँच भएकाविद्यार्थी समूह | मुख्या बिषयहरु टि.भि. बाट सन्चालन गर्ने। | |
| ४ | कम्प्युटर भएको तर अनलाइनकनेक्टिभिटीनभएकाविद्यार्थी समूह | डिजिटल सिकाई सामग्रीहरु बितरण गर्ने। | |
| ५ | इन्टरनेट तथा सूचना सञ्चार प्रविधिका साधनमा पहुँचभएकाविद्यार्थी समूह | अनलाइन कक्षा सन्चालन गर्ने। | |

### ४.२.३ प्रारम्भिक बालविकासका उमेरका बालबालिकाका लागि सिकाइ निरन्तरताको लागि योजना

१. स्वअध्ययान सामग्री छपाइ खेलकुदका सामग्री सहित सिकाइ सामग्री किट उपलब्ध गराउने।

२. अभिभावक शिक्षा सन्चालन गर्ने।

३ नेटको सुबिधा भएको स्थानमा अनलाइन कक्षा सन्चालन गर्ने।

४ टोल शिक्षा कक्षा सन्चालन।

### ४.२.४. आपतकालिन प्रतिकार्यका लागि क्रियाकलापहरु

यदि प्रकोपको घटना भै विद्यालय र सिकाई उपलव्धी अवरुद्ध भएमा पालिकाले कसरी प्रतिकार्यका कार्यहरु अगाडि बढाउन सक्छ लेख्नु होस्।

| क्र.स. | क्रियाकलापहरु | मुख्य जिम्मेवारी | सहयोगि संस्था | समय अवधी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | विद्यालयको भौतिक पक्षको लेखाजोखा गरि क्षतिको आधारमा सुरक्षित र असुक्षित छुट्याउने र बालबालिकाहरुले जोखीम को अवस्थामा भेलाभएर वस्नको लागि सुरक्षित स्थानको पहिचान गरी सवै बालबालिकाहरुले बुझ्ने अक्षर र संकेतले सो स्थानमाजाने बाटो देखाउने । | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| २. | प्रोटेक्सन क्लष्टरको सहयोगमा बाल मैत्री स्थानको स्थापना गर्ने | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| ३. | मनोरञ्जनात्मक सामग्रीको(Recreational Material)वितरण गर्ने | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| ४. | बिभिनन विपद्बाट प्रभावित बालबालिकाहरुलाई पाठ्यपुस्तक वितरण गर्ने | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| ५. | अस्थायी सिकाई केन्द्र र बालविकास केन्द्र स्थापना गरि स्वास्थ्य, खानेपानी तथा सरसफाइको पर्याप्त व्यवस्था मिलाउने | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| ६. | प्रारम्भि बाल विकास केन्द्रका सामग्रीहरुका(ECD Kit) वितरण गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| ७. | विद्यालय सिकाइ सामाग्रीहरुको(School Kit)वितरण गर्ने | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| ८. | मनोसामाजिक सहयोग विषयको शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| ९. | विपद जोखिम न्यूनीकरण तथा विद्यालय भित्र सुरक्षाका क्रियाकलापहरु विषयमा शिक्षक विद्यार्थीलाई तालिम सञ्चालन गर्ने | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| १०. | विपद्, महामारी, लकडाउन जस्तो अवस्थामापनिअनलाईन शिक्षा र रेडियो शिक्षाको माध्यमबाट बालबालिकाहरुको शिक्षाको पहुंच सुनिश्चित गराउने । | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |
| ११. | लकडाउन र महामारी जस्तो समस्या मा बालबालिकाहरुको शिक्षा निरन्तरताको लागिबालबालिकाहरुले घरमा वसेर पनिसिक्ने | शिक्षा युवा तथा खेलकुद शाखा | गा.पा., प्रदेश सरकार, संघिय सरकार | |

| | | | | |
|---|---|---|---|---|
| | पढने शैक्षिक सामाग्रीहरु स्थानीयतहमा छपाएर बालबालिकाहरुको हातमा पुरयाउने। | | | |

### ४.२.५.आपतकालिन अवस्थामा गर्नुपर्ने जिम्मेवारी र भूमिकाहरु

➢ **०-७२ घण्टा भित्र**

| **क्रसं.** | **कृयाकलाप** | **मुख्य जिम्मेवार** | **सहयोगी** |
|---|---|---|---|
| १. | आपतकालिन बैठक बस्ने। | शिक्षा युवा तथा खेलकुद शाखा | गाँउपालिका |
| २. | हानी नोक्सानी तथा क्षतिको प्रारम्भिक तथ्याङ्क संकलन गर्ने। | शिक्षा युवा तथा खेलकुद शाखा | |
| ३. | खोज तथा उद्दारको कार्य | शिक्षा युवा तथा खेलकुद शाखा | |
| ४. | अवस्थाको अध्यावधिक प्रतिवेदन र प्रतिकार्यको प्रगति प्रति<br>वेदनहरु नगर शिक्षा समिति र मार्फत कार्यपालिकामा समेत पठाउने। | शिक्षा युवा तथा खेलकुद शाखा | |

☐ **७२घण्टा–२ हप्ता भित्र**

| **क्रसं.** | **कृयाकलाप** | **मुख्य जिम्मेवार** | **सहयोगी** |
|---|---|---|---|
| १. | आंशिक र पूर्णरुपमा क्षति भएका कक्षाकोठाहरु तथा प्रभावित बालबालिकाहरुको पहिचान गर्ने। | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| २. | बालमैत्री सुरक्षित स्थान, बाल विकास केन्द्र र अस्थाई सिकाई केन्द्रकोठाहरुको आवश्यकता / पहिचान गर्ने। | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ३. | तत्काल राहत पुऱ्याउन शिक्षा समितिको बैठक बसी निर्णय गरि नगद् र जिन्सी सहित समुह सदस्यहरुलाई प्रतिकार्यमा परिचालन गर्ने | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ४. | उपलब्ध स्रोत साधनले अपुग भई प्रतिकार्यमा देखिएको कमी (Gap) लाई परिपूर्ति गर्नुपर्ने | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक |

| | | | |
|---|---|---|---|
| | देखिएमा कार्यपालिकामा पेश गर्ने र नगरपालिका मार्फत शिर्षक रकमान्तर वा जिल्ला समन्वय समिति मार्फत राष्ट्रिय शिक्षा समुहसंग सम्पर्क र अनुरोध गर्ने । | | अभिभावक संघ, वडा समिति |
| ५. | समुदाय विद्यालय व्यवस्थापन समिति), शिक्षक अभिभावक संघ, शिक्षकहरुको सहभागितामा ( बाल मैत्री स्थान, बाल विकास केन्द्र र अस्थायी सिकाइ केन्द्रहरुको स्थापना गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ६. | सामुहिक प्रतिकार्य ब्रिmयाकलापहरुका लागि वास, प्रोटेक्सन, सेल्टर र लजिष्टिक क्लष्रहरुसंग नगर शिक्षा समितिले समन्वय गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ७. | पाठ्य पुस्तकहरु नोक्सान भएका छन भने विपद् भएको २ हप्ता भित्र पाठ्यपुस्तकहरुको व्यवस्था मिलाउने साथै बालमैत्री स्थान, बाल विकास केन्द्र र अस्थायी सिकाई केन्द्रहरुमा शिक्षण सिकाई सामाग्रीहरु उपलब्ध गराउने । | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ८. | प्रभावित विद्यार्थी र शिक्षकहरुलाई विद्यालय फर्कने वातावरण निर्माण गर्न मनोसामाजिक परामर्श सम्बन्धी तालिम संचालन गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ९. | गाँ शिक्षा समितिको बैँठक बाट अवस्थाको अध्यावधिक तथा प्रतिकार्यको पुनरावलोकन गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |

- **तेस्रो देखि चौथौँ हप्ता भित्र :**

| **क्रसं.** | **कृयाकलाप** | **मुख्य जिम्मेवार** | **सहयोगी** |
|---|---|---|---|
| १. | बालमैत्री स्थान, बालविकास केन्द्र र अस्थायी सिकाइ केन्द्रहरुमा मनोरञ्जनात्मक क्रियाकलापहरु संचालन गर्ने । | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| २. | बालमैत्री स्थान, बालविकास केन्द्र र अस्थायी सिकाइ केन्द्रहरुमा लैङ्गिगता र अपाङ्गता मैत्री वातावरण भएको कुरा सुनिश्चित गर्ने तथा लैगिकता, अपांगता र बालमैत्री वातावरणीय अनुकुलन कक्षा संचालन | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |

| | | | |
|---|---|---|---|
| ३. | विशेष संरक्षण र स्वास्थ्य सेवा आवश्यक भएका बालबालिकालाई सम्बन्धित विषयगत समुहको (Cluster) समन्वयमा विशेष सहयोग | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ४. | सहजकर्ता, शिक्षकको व्यवस्थापन, कक्षा समय निर्धारण र आवश्यक शैक्षिक सामग्री व्यवस्थापन | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ५. | निरन्तर बालमैत्री स्थान, बालविकास केन्द्र र अस्थायी सिकाई केन्द्रको अवलोकन तथा अनुगमन र पृष्ठपोषण | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ६. | जिल्ला शिक्षा समुहको बैँठक हप्तामा एक पटक बसी प्रतिकार्य क्रियाकलापहरुको पुनरावलोकन गर्ने | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ७. | बालमैत्री स्थान बालविकास केन्द्र र अस्थायी सिकाई केन्द्रको अवलोकन | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |

☐ **चौँथौहप्ता देखि तीन महिना भित्र :**

| **क्रसं.** | **कृयाकलाप** | **मुख्य जिम्मेवार** | **सहयोगी** |
|---|---|---|---|
| १. | गाँउ शिक्षा समितिको आवश्यकतानुसार नियमित बैठक संचालन गरि प्रतिकार्य क्रियाकलापहरुको प्रगतिबारे छलफल | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| २. | अर्ध स्थायी संरचना निर्माणको लागि आवश्यक बजेटका लागि योजना तर्जुमा | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ३. | अर्ध स्थायी संरचना निर्माणको लागि जस्तापाता, सिमेन्ट, बालुवा, काठ र फलाम आदिको लागि स्रोत जुटाउने। | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा |

| | | | |
|---|---|---|---|
| | | | समिति |
| ४. | विपद् जोखिम न्युनीकरण सम्बन्धी प्रभावितहरुलाई सचेतना मुलक अभिमुखिकरण | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |
| ५. | शिक्षा समुहले दीर्घकालीन पुर्नप्राप्ति योजना (Recovery Plan) निर्माण गरि कार्यान्वयन गर्ने। | शिक्षा युवा तथा खेलकुद शाखा | सामाजिक संघसंस्था, अभिभावक,शिक्षक अभिभावक संघ, वडा समिति |

# ५. पूर्वतयारी योजना

## ५.१ प्रतिकार्यका लागि पूर्वतयारीका क्रियाकलापहरु

विपद नभएको अवस्थामा सामान्य अवस्थामा पूर्वतयारी भएर वस्ने ताकि विपद्को अवस्था आइहालेमा तुरुन्त परिचालन गर्न सकियोस्।

| क्र.स. | पुर्वतयारीका कृयाकलापहरु | जिम्मेवार व्यक्तिसंस्था/ | अनुमानित लागत | कहिले |
|---|---|---|---|---|
| १. | वि.व्य.स.पदाधिकारी शिक्षक तथा बिद्यार्थीको क्षमता विकास गर्ने | स्थानिय तह, विद्यालय | | |
| २. | विपद योजना तयार गरी कार्यान्वयन गर्ने | स्थानिय तह, विद्यालय | | |
| ३. | जोखिम नक्सांकन गर्ने | स्थानिय तह, विद्यालय | | |
| ४. | विद्यालयमा आपतकालीन कोषको स्थापना गर्ने | स्थानिय तह, विद्यालय | | |
| ५. | प्राथमिक स्वास्थ्य सामग्रीको व्यवस्था तथा तालिम प्रदान गर्ने | स्थानिय तह, विद्यालय | | |
| ६. | विद्यालयमा सुचना प्रविधिको विस्तार गर्ने | स्थानिय तह, विद्यालय | | |
| ७. | वैकल्पिक विधिको प्रयोग गरी शिक्षालाई निरन्तरता दिने क्षमता विकास गर्ने | स्थानिय तह, विद्यालय | | |
| ८. | विद्यालयमा वृक्षारोपण गर्ने | स्थानिय तह, विद्यालय | | |
| ९. | निरन्तर तथा सुरक्षित सिकाईका लागि | स्थानिय तह, | | |

| | | | | |
|---|---|---|---|---|
| | शिक्षक विद्यार्थी सम्मीलित समिति गठन गरी परिचालन गर्ने | विद्यालय | | |
| १०. | मनोसामाजिक परामर्श गर्न सक्ने गरी शिक्षक तयार गर्ने । | स्थानिय तह, विद्यालय | | |
| ११. | स्थानिय सुरक्षा निकाय, स्वास्थ्य केन्द्र, एम्बुलेन्स, मानविय क्षेत्रमा काम गर्ने संघसंस्था, जननिर्वाचित प्रतिनिधिहरुको संम्पर्क नं , इमेल ठेगाना आदि अध्यावधिक गर्ने र सबै बिद्यालयमा पनि उपलब्ध गराउने । | स्थानिय तह, विद्यालय | | |

## ६. पुनर्लाभ योजना

### ६.१ पुनस्र्थापना र पुर्ननिर्माणका लागि क्रियाकलापहरु

| **क्र.स.** | **क्रियाकलापहरु** | **कसले गर्ने** | |
|---|---|---|---|
| | | **मुख्य जिम्मेवार** | **सहयोगी** |
| १. | विपद् जोखिम न्युनीकरण (DRR) सम्बन्धि प्रअ तथा शिक्षकहरुलाई तालिमको व्यवस्था. | स्थानिय तह, विद्यालय | स्थानिय सरकार, सहयोगी संघ संस्था |
| २. | सुरक्षित भौतिक पूर्वाधार निर्माण | स्थानिय तह, विद्यालय | स्थानिय सरकार, सहयोगी संघ संस्था |
| ३. | विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुलाई विपद पूर्वतयारी अभ्यास(Drill) गराउने | स्थानिय तह, विद्यालय | स्थानिय सरकार, सहयोगी संघ संस्था |
| ४. | विद्यालय सुधार DRR Component समावेश गरि कार्यान्वयन गर्ने | स्थानिय तह, विद्यालय | स्थानिय सरकार, सहयोगी संघ संस्था |
| ५. | विद्यालयहरुमा विपद जोखिम नक्शा निर्माण गरी सो नक्शा सबैले स्पष्ट रुपमा देखिने गरी टाँस्न लगाउने | स्थानिय तह, विद्यालय | स्थानिय सरकार, सहयोगी संघ संस्था |
| ६. | अनुगमन मूल्यङ्कन | स्थानिय तह, विद्यालय | स्थानिय सरकार, सहयोगी संघ संस्था |